ISSN 2091-1629

गौरी

मासिक पत्रिका

GAURI MASIK

वर्ष ५८, अङ्क ९, २०८० जेठ, पूर्णाङ्क २०५

मूल्य रु. ४५/-

गौरी २०५ औं थुँगा

श्रीरामानुज आचार्यनिलयम्

श्रीवन, भक्तपुर

हार्दिक निमन्त्रणा

सम्माननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा श्री स्वामी समर्थ सेवा एवं अध्यात्मिक विकास मार्ग नेपालद्वारा आयोजित "श्री अतिरुद्रात्मक रुद्राक्ष लिङ्गार्चन तथा श्री ललिता सहस्रनाम पाठमा यहाँको गरिमामय उपस्थितिको लागि सविनय अनुरोध गर्दछौं ।

यस पावन अवसरमा अष्टसिद्धिपीठ, अखिल भारतीय श्री स्वामी समर्थ गुरुपीठ त्रंवकेश्वर, नाशिक जिल्ला, महाराष्ट्र, भारतका पिठाधीश परमपूज्य गुरु माउली श्रीअण्णासाहेव मोरेज्यूबाट जीवन उपयोगी आध्यात्मिक मार्गदर्शन एवं आशीर्वाद प्रदान गर्नुहुने कार्यक्रम रहेको छ ।

मिति : २०८०/०२/२७ गते
स्थान : हंसमण्डल, पशुपतिनाथ, नेपाल
समय : ११:०० बजे

प्रार्थी

मूल आयोजक समिति

श्री स्वामी समर्थ सेवा एवं आध्यामिक विकास मार्ग नेपाल, गोदावरी, ललितपुर
सम्पर्क ९८४१४७१३९४, ईमेल: shreeswamisamarthanepal@gmail.com

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ९, २०८०, पूर्णाङ्क २०५

जेठ २०८०

सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	३०
बुधबार	३	१०	१७	२४	३१
बिहीबार	४	११	१८	२५	३२
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिबार	६	१३	२०	२७	गौरी
आइतबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

वर्णाश्रमधर्म निरूपण

भगवान् श्रीकृष्णले प्रसन्न भएर आफ्ना प्रियसखा उद्धवलाई सनातन धर्महरूको उपदेश गर्दै भन्नुभयो– मित्र ! सत्ययुगमा मानिसहरूको 'हंस' नाम गरेको एउटै वर्ण थियो। त्यस युगमा सबै मानिस जन्मेदेखि नै कृतकृत्य हुन्थे, यस कारण त्यसको नाम 'कृतयुग' पनि हो। त्यति बेला केवल 'प्रणव' नै वेद थियो र तप, शौच, दया एवम् सत्य यी चार चरणहरूले युक्त म नै वृषभरूपधारी धर्म थिएँ। त्यस युगका भक्तजन म हंसस्वरूप परमात्माको उपासना गर्थे।

त्रेतायुगमा ऋग्वेद, सामवेद र यजुर्वेदको त्रयीविद्या प्रकट भयो र विद्याबाट यज्ञका रूपमा म प्रकट भएँ। म विराट् पुरुषका मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रीय, तिघ्राबाट वैश्य र पाउबाट शूद्रको उत्पत्ति भयो। उनीहरूको चिनारी तिनीहरूका आआफ्ना आचरणले हुन्छ। विराट् पुरुषका उरूस्थलबाट गृहस्थाश्रम, हृदयबाट ब्रह्मचर्याश्रम, वक्षस्थलबाट वानप्रस्थाश्रम र मस्तकबाट संन्यासाश्रमको सृष्टि भएको छ। यी वर्णहरू र आश्रमहरूका मानिसहरूको. स्वभाव पनि जन्मस्थानहरूअनुसार उत्तम, मध्यम र अधम भए।

उद्धव ! चारै वर्णहरू र चारै आश्रमहरूका निम्ति साधारण धर्म यो हो कि मानिस मन, वाणी र शरीरले कुनै पनि प्राणीको हिंसा नगरोस्। सत्यमा दृढ रहोस्, चोरी नगरोस्, काम, क्रोध र लोभदेखि अलग्ग रहोस् र जुन कर्महरू गर्नाले सबै प्राणीहरूलाई प्रसन्नता र तिनीहरूको भलो होस् तिनै कर्महरूलाई त्यसले गरोस्। शौच, सरलता, तीर्थसेवन र शरीरको संयम यी सबैका निम्ति एकै समानका नियम हुन्।

शम, दम, तपस्या, पवित्रता, सन्तोष, क्षमाशीलता, सरलता, ईश्वरभक्ति दया र सत्य यी ब्राह्मणवर्गका स्वाभाविक गुण हुन्। ब्राह्मणले दान लिने वृत्तिलाई तपस्या, तेज र यज्ञको नाश गर्ने हुन् यस्तो ठानेर पढाउने र यज्ञ गराउने कर्मद्वारा नै आफ्नो जीवननिर्वाह गरोस्। जुन ब्राह्मणले आफ्नो धर्मको निष्कामभावले पालन गर्छ, सन्तोषपूर्वक आफ्नो जीवननिर्वाह गर्छ र अनासक्त भावले आफ्नो अन्तस्करण र आत्मा मलाई समर्पण गर्छ त्यसले संन्यास नलिएर नै मेरो परमपद प्राप्त गरिहाल्छ।

तेज, बल, सहिष्णुता, वीरता, उदारता, उद्योगशीलता, स्थिरता, ब्राह्मणभक्ति र ऐश्वर्य यी क्षत्रियका स्वभाविक गुण हुन्। राजाले पितातुल्य सारा प्रजालाई कष्टबाट रक्षा गरोस् र धैर्यपूर्वक स्वयम् आफ्नो पनि उद्धार गरोस्। जुन राजाले यस प्रकार प्रजाको रक्षा गर्छ, त्यो पापमुक्त भएर अन्त्यमा स्वर्गलोक प्राप्त गर्छ।

आस्तिकता, दानशीलता, दम्भहीनता, कृषि, गोरक्षा र व्यापार यी वैश्यका स्वाभाविक गुण हुन्। गाई, देवता र स्वामीको परिचर्या यी शूद्रहरूका स्वभावजन्य गुण हुन्। यदि ब्राह्मणले अध्यापन अथवा यज्ञयागादिले आफ्नो जीविका चलाउन सक्तैन भने वैश्यवृत्ति अथवा क्षत्रियवृत्तिले पनि आफ्नो निर्वाह गर्न सक्छ। क्षत्रिय पनि प्रजापालन आदिबाट जीवननिर्वाह गर्न सक्तैन भने त्यसले वैश्यवृत्तिलाई अंगाल्न सक्छ। तर उद्धव ! यो व्यवस्था आपत्तिकालका लागि मात्र हो।

ब्रह्मचारीले पवित्रताका साथ, अग्नि, सूर्य, आचार्य, गाई, ब्राह्मण, वृद्धजन र देवताहरूको उपासना गर्नुपर्छ तथा बिहान र बेलुका सन्ध्योपासना र गायत्रीको जप गर्नुपर्छ। जबसम्म विद्याध्ययन समाप्त हुँदैन, त्यसले यो भाव राख्नुपर्छ कि सबैका हृदयमा परमात्माको वास समानरूपले छ। वेदाध्ययन समाप्त गरिसकेपछि ब्रह्मचारीले गृहस्थ अथवा वानप्रस्थाश्रममा प्रवेश गर्नुपर्छ। गृहस्थले विविध सत्कर्महरूको अनुष्ठानद्वारा ऋषिहरूको, देवताहरूको, पितृहरूको, अतिथि–अभ्यागतहरूको तथा समस्त प्राणीहरूको यथाशक्ति दिनदिनै सेवापूजा गर्दै रहनुपर्छ। उसले कुटुम्बपरिवारमा लिप्त हुनु हुँदैन। जसले शरीरमा अहङ्कार र घरगृहस्थीमा ममता राख्दैन, त्यसलाई गृहस्थीको पासोले बाँध्न सक्तैन। भक्तिमान् गृहस्थ शास्त्रोक्त कर्महरूद्वारा मेरो आराधना घरमा नै रहोस्। यसरी गृहस्थले आफ्नो धर्मपालनद्वारा अन्तस्करण शुद्ध गरेर झट्टै मलाई प्राप्त गरिहाल्छ।

क्रमशः

सम्पादकीय

उद्देश्य विपरीतको बाटोमा

भगवान् श्रीपशुपतिनाथ सहित यस क्षेत्रमा रहेका सम्पदा संरक्षण एवम् संवर्द्धन गर्ने उद्देश्यले स्थापित पशुपति क्षेत्र विकास कोषका पछिल्ला गतिविधि यस क्षेत्रका सम्पदाहरूको संरक्षण सम्वर्द्धन भन्दा नष्ट गर्नेतर्फ उद्धत रहेको देखिएको छ । डा. गोविन्द टण्डन सदस्यसचिव भएको समयदेखि चौथो गुरुयोजनाको निम्ति प्रयास भइ डा. प्रदीप ढकालको कार्यकालमा गुरुयोजनाको एउटा मस्यौदा तयार भएको थियो । जसलाई तत्कालीन सञ्चालक परिषद्ले अनुमोदन गरी मन्त्रिपरिषद्मा पेश गरेको थियो । कोषले एकलौटी रूपमा, मनोमानी ढंगले तयार पारेको उक्त दस्तावेजले सम्पदाहरूको संरक्षण सम्वर्द्धनभन्दा भौतिक संरचनाहरूको नवनिर्माणलाई प्राथमिकता दिएको थियो ।

कोषले तयार पारेको उक्त दस्तावेजलाई स्थानीय सरोकारवाला र संपदा क्षेत्रमा कृयाशील सम्पदाप्रेमीहरूको चर्को विरोधपछि संस्कृति मन्त्रालयले गुरुयोजना संसोधन एवम् पुनर्लेखनको निम्ति छुट्टै समिति गठन गरेको थियो । डा. चन्द्रमणि अधिकारीको संयोजकत्वमा संस्कृति एवम् पुरातत्वविद्, वास्तुविद्, लगायतका विज्ञ व्यक्तित्वहरूको साथै स्थानीय प्रतिनिधिहरूको समेत सहभागिता रहेको उक्त समितिले तयार पारेको गुरुयोजनालाई 'पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना- २०७८' नामाकरण गरिएको थियो ।

ऐन, कानून या कुनै पनि योजना वा गुरुयोजना स्वीकृत हुने एउटा चरण छ, जसलाई पूरा नगरी लागु गर्न मिल्दैन । तर, सम्वन्धित निकायबाट स्वीकृत नभएको गुरुयोजनालाई देखाएर श्रीपशुपतिनाथको प्राङ्गण विस्तार भन्दै पछिल्ला समयमा यहाँका केही सम्पदाहरू (बम्बै ढुकुटी घर, सप्तमी सत्तल लगायतका) नष्ट गर्ने कार्य भयो, जुन सरासर गैरकानूनी छ । ऐतिहासिक एवम् पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण गर्ने उद्देश्यले स्थापित कोषले नै सम्पदा मास्न लागेपछि यस कोषको औचित्य माथि नै प्रश्न चिह्न खडा भएको छ ! अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

प्रभु ! झुकिरहूँ.... मुकुन्द शर्मा चालिसे ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

भक्तहरूका साथ... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ८

परिचय

जगत्को...... सहप्रा. डा. विनुबाबा अर्याल १०

रहस्य

ईश्वर कसरी प्राप्त गर्ने हरिप्रसाद सोडारी १५

अन्तरवार्ता

हाम्रो व्यवसायमा धर्म.. उत्तम तिमल्सिना १८

साधना

नित्य एवम् नियमित.. पं. लोकनाथ आचार्य २१

देश-दर्शन

काली गण्डकीको.... मायादेवी शर्मा २३

पुराण पात्र

शतक्रतु अर्थात् देवराज.... मोहनप्रसाद आचार्य २५

चिन्तन

चेतन यात्रा डा. चिन्तामणि नाथ योगी २८

पुस्तक परिचय

स-संगीत रामायण पं. केदारनाथ देवकोटा ३२

गतिविधि ३५

प्रभु ! झुकिरहूँ जीवनभरि

✍ मुकुन्द शर्मा चालिसे

यशोदाले बाँधिन् खुरूखुरू लगी ओखलसितै
उनैलाई छल्दै तर कुदिरह्यौ दूर बहुतै ।
अहो ! सच्चित् द्यौता झिलमिल बने कुण्डल पनि
म ढोगूँ हे दामोदर ! सुखद हे गोकुलमणि ॥

रूँदा धेरै पुछ्तै करकमलले आँसु गहको
बढी स्वाँ स्वाँ रेखातिनसित हिल्यो हार गलको ।
यशोदाले तानिन् तर पछि त दाम्लो लिइकन
पराभक्तिद्वारा परवश तिमीमा छ नमन ।

गरी यस्तै लीला स्वजनकन आनन्द दहमा
लगाएका पौडीरत हुन उनै बाल हरिमा ।
सयौँ फेरा ढोगूँ मपनि उसरी प्रेमसहित
उनैको इच्छामा गतिमय भएको छ जगत ।

न ता इच्छा मेरो अब छिटछिटो मुक्त हुनको
न ता भाखा राखी अविदित उही धाम छुनको ।
मलाई ता धोको शिशु छुनमुने कृष्ण प्रभुमा
लगाऊँ यो अन्तःकरण न अरू बाह्य चिजमा ।

झरेका छन् काला अलक मुख छोपी फरफरी
निकै राता विम्बाधर पनि खुलेका घरिघरी ।
मिठो म्वाईँ खाने मुखकमलमा गोपकुँवरी
अरू छोडी जाओस् हृदय हरिमा जीवनभरि ।

तिमीलाई ढोगूँ अनवरत दामोदर हरि
खुशी होऊ मेरा उपर पिरबाधा पर गरी ।
लगाऊ मैमा हे प्रभु ! अब दयापूर्ण नजर
तिमीलाई पाएपछि अलभ अर्को कुन छ र ?

लग्यौ तान्दै तान्दै परपर जसै ओखलकन
छुटायौ यैद्वारा यमल तरू ती अर्जुनकन ।
त्यही भक्ति श्रद्धा मसित पनि होस् हे नटवर !
तिमीलाई पाएपछि किन हुने मुक्ति-रहर ?

तिमीलाई बाँध्ने उदरतिरको त्यो चमचमी
गरूँ दाम्लोलाई नमन जगको धारक भनी ।
गरूँ राधालाई नमन जुन तिम्री सहचरी
सयौँ लीलाधारी प्रभु ! झुकिरहूँ जीवनभरि ।❖

– कैलासकुञ्ज, बूढानीलकण्ठ नपा ४

(प्रस्तुत कविता पद्मपुराणको दामोदराष्टक स्तोत्रबाट लिइएको हो । यो भुजङ्गप्रयात छन्दबाट शिखरिणीतिर भावानुवाद गरिएको छ ।)

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित्॥
गीता २/२९

अन्वयः कश्चित्, एवम् आश्चर्यवत् पश्यति, अन्य, च तथा एव आश्चर्य, वद् वदति । अन्यः च एवम् आश्चर्यतन् श्रृणोति, कश्चिंत् एवम् श्रुत्वा च अपि न वेद ।

सरलार्थः यसलाई कसैले आश्चर्य झैं देख्दछन्, त्यस्तै अर्कोले यसलाई आश्चर्य झैं बताउँछन् । अनि अर्को कुनै यसलाई आश्चर्य झैं सुन्दछन् र सुनेर पनि यसलाई कसैले बुझ्दैनन् ।

भावार्थचन्द्रिकाः गीता उपनिषद्रूप गाईको अमृतमय दूधको रूपमा प्राप्त भएको कुरा माहात्म्यमा बताइएको छ । यस श्लोकले त्यसै तथ्यलाई पूर्णरूपमा स्पष्ट पार्दछ । यसैको स्पष्ट आशय व्यक्त गर्ने मन्त्र कठोपनिषद्मा पाइन्छ । जसले भन्छ– धेरैले त यस बारेमा सुन्न पनि पाउँदैनन् । सुनिहाले पनि धेरैले यसलाई बुझ्न सक्दैनन् । यस अमर आत्मासत्ताका बारेमा बोल्ने मानिस आश्चर्यमय बन्दछ, त्यस्ता वक्ताबाट सुन्न पाउने व्यक्ति कल्याणभागी हुन्छ । सुनेर संझिनसक्ने व्यक्ति अरू कल्याणभागी हुन्छ । आत्मतत्त्वका पूर्ण ज्ञाता आदर्श गुरूको शरणमा परेर साधना गरिसकेका शिक्षित व्यक्तिले मात्र त्यो तत्त्व सुन्ने र बुझ्ने भाग्य पाउँछन् ।

श्रवणयापि बहुभिर्यो न नभ्यः श्रृण्वन्तोऽपि चहृवो यं नविद्युः
आश्वर्मो वक्ता कुशलोऽस्य नन्धाऽऽचर्मो ज्ञाता
कुशलानुशिष्ट॥ (कठोपनिषद्)

आत्माको स्वरूप सूक्ष्मभन्दा सूक्ष्म र स्थूलभन्दा स्थूल छ । टेलेस्कोप, माइक्रोस्कोप जस्ता अत्याधुनिक यन्त्रले पनि देखिन गाह्रो पर्ने अति सूक्ष्म जीवाणुमा पनि त्यही आत्मा हुन्छ र व्हेलमाछाजस्तो अति विशाल प्राणीको शरीरमा पनि त्यही आत्मा विराजमान हुन्छ । यसको विशेषता केमा रहन्छ भने जत्रो आकारभित्र यो रहन्छ, स्वयं त्यत्रै आकारको बनेर विराजमान भइदिन्छ । यस्तो अलौकिक छ आत्मा को अस्तित्व । त्यसैले यसलाई बताउने व्यक्तिले भनेका कुरा आश्चर्यजनक हुन्छन् । केवल सुनेको भरमा यसलाई जान्न सकिएला भन्ने संझनु पनि व्यर्थ छ । साधना र तपस्याद्वारा अन्तरका आँखा नखुली यसलाई कसैले जान्न सक्दैन । आत्मालाई प्राप्त गर्ने अनुभव गर्ने व्यक्ति सबैभन्दा भाग्यशाली र कल्याणभागी हुन्छ । किनभने उसले जीवनको सर्वोपरि लाभ मुक्तिलाभ, मोक्षलाभ प्राप्त गर्दछ । यस श्लोकमा यसै तथ्यलाई उजागर गरिएको छ ।

यस प्रकरणमा भगवान्ले नाशवान् र अविनाशी तथ्यलाई अलग-अलग रूपमा चिन्ने प्रेरणा दिनुभएको छ । शरीरादि समस्त भौतिक पदार्थहरू क्षणभंगुर र विनाशशील छन् । परन्तु आत्मा अजर र अमर छ भन्ने स्पष्ट संझाउने काम यस प्रकरणमा भएको छ । यसरी सांख्ययोगलाई मुख्य विषय बनाएर नित्य र अनित्य बस्तुको विवेक यहाँ संझाइएको छ ।

अब तेश्रो प्रकरणमा भगवान् स्वधर्मको परिपालनको दृष्टिले पनि अर्जुनले युद्ध नगरी नहुने कुरा संझाइरहनु हुन्छ । त्यसैले यस प्रकारको उपसंहार गर्दै अघिल्लो श्लोकमा भनिएका सबै कुराको सार बताउनुहुन्छ ।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ।३०।

अन्वयः हे भारतः सर्वस्य देहे अथं देही नित्यम्

अवध्यः तस्मात् त्व सर्वाणि भूतानि शौचितुं न अर्हसि ।

सरलार्थः हे भरतवंशभूषण अर्जुन ! सबैका शरीरभित्र रहेको देहधारी यो आत्मा मार्दा नमारिने अवध्य छ । त्यसैले सबै प्राणीहरूको तिमीले शोक गर्नुपर्दैन ।

भावार्थचन्द्रिकाः आफन्त होउन् वा पराइ, चिनेका होउन् या नचिनेका सम्पूर्ण प्राणीहरूको देह भित्र विराजमान आत्मसत्ता अविनाशी छ । तर शरीरादि अन्य सर्व बस्तु नाशवान् छन् । त्यसैले अर्जुन ! मेरा अति आदरणीय गुरूजन, मेरा अतिस्नेही आफन्तहरू, परमप्रिय मित्रजनहरू युद्धमा मारिने भए भनेर तिमीले डराउनु हुन्न । शोक गर्नुहुन्न । यसबाट हिंसाको दोष लाग्ला भन्ने भय पनि मनमा तिमीले लिनुहुन्न किनभने यो हिंसा नआइलागोस् युद्ध टरोस भनेर त्यत्रा उपायहरू गरिसक्दा पनि केही नलागेर अपरिहार्य भएर आइलागेको युद्ध हो । तिमी योद्धा हौ, वीर हौ । पिठ्युँ नफर्काइ वीरता साथ लड्नु तिम्रो पहिलो कर्तव्य हो । त्यसैले तिमीले आफ्नो भूमिका बिर्सेर कर्तव्यलाई अर्कातिर फर्काएर आफन्तहरू, वन्धुजन र गुरूजन मारिएलान् भनेर शोक गर्नु उचित हुँदैन ।

दोश्रो अध्यायको तेश्रो प्रकरणमा स्वधर्मको परिपालनलाई दृष्टिगत गरेर अर्जुन जस्ता वीरले लडाइमा अग्रसर हुनुपर्छ भनी बताइएको छ । नित्य र अनित्य वस्तुको विवेक गर्दै आत्माको अजर अमर स्वरूपको सतत स्मरण गर्दै शोक र मोहबाट माथि उठेर वीर क्षत्रिय भएको नाताले कर्तव्य ठानेर आइलागेको युद्धमा साहस साथ अगि बढ्ने प्रेरणा अर्जुनलाई प्रदान गर्नुभयो । आत्माको नित्यता सम्बन्धी तर्क बुझाएर अव स्वधर्मलाई संझेर पनि युद्ध गनै पर्ने कुरा भगवान् अगाडि बताउनुहुन्छ ।

अर्जुनले कौरवहरूमाथि वाण प्रहार गर्दा पाप लाग्ने कुरा बताएका थिए । भगवान् भन्नुहुन्छ– युद्ध गर्दा होइन, स्वधर्मको परित्याग गर्दा चाहि तिमीलाई पाप लाग्ने छ । किनभने धर्मको लागि, न्यायका लागि, मानवताका लागि लड्नु वीर क्षत्रियको स्वधर्म हो । अब तेश्रो प्रकरणमा यसै बारे प्रकाश पारिंदैछ–

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ।३१।

अन्वयः स्वधर्मम् अपि च अवेक्ष्य न विकम्पितुम् अर्हसि । हि धर्म्यात् युद्धात् अन्यत् श्रेयः क्षत्रियस्य न विद्यते ।

सरलार्थः अर्जुन ! तिमीले आफ्नो जातीय आधारमा प्राप्त भएको धर्मलाई पनि विचार गरेर विचलित हुनुहुँदैन किनभने धर्मको अनुकूल युद्धभन्दा अर्को कल्याणकारी कार्य क्षत्रियका लागि छँदैछैन ।

भावार्थचन्द्रिकाः

क्षतात् त्रायते इति क्षत्रिय भन्ने व्युत्पत्ति अनुसार मानव समाजको आदर्शलाई, धर्मलाई विनाशकारी तत्त्वबाट जोगाउनेलाई क्षत्रिय भनिन्छ । अधर्म र अन्यायपूर्वक अरूको हक हितमाथि अनुचित कब्जा जमाएर उल्टै लडाइको धम्की दिंदै युद्धको मैदानमा ओर्लेका कौरवहरू अधर्म, छलकपट र धूर्तताद्वारा पाण्डवहरूको राज्य हडपिरहेछन् । धर्म, मानवता, न्याय सबै संकटमा छ । त्यस्तो स्थितिमा यो युद्ध चलिरहेछ । प्राचीन वर्णाव्यवस्था अनुसार यस्तो धर्म, न्याय, मानवता संकट परेका वेला वीरता साथ लडेर तिनको रक्षा गर्नु क्षत्रियको कर्तव्य मानिन्थ्यो । त्यसैले क्षत्रियको लागि निर्धारित कर्तव्य नै अर्जुनको निम्ति स्वधर्म थियो । त्यसैले भगवान् स्वधर्मलाई हेरेर पनि काँतर बन्न नहुने कुरा बताइरहनुभएको छ । स्वधर्मको निष्ठापूर्वक परिपालन गर्ने व्यक्ति नै मुक्तिको भागी हुन्छ । त्यसैले यहाँ भगवान्ले श्रेयः शब्दको उल्लेख गर्नुभएको छ । धर्मरक्षाको निम्ति युद्ध गर्नु क्षत्रियको कर्तव्य हो धर्म हो र यसको परिपालन गर्न सक्नु क्षत्रियको लागि सौभाग्यको विषय हो । त्यही कुरा भगवान्ले यहाँ जोड दिएर संझाउनुभएको छ ।

यदृच्छ्या चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ।३२।

अन्वयः हे पार्थ यदृच्छ्या च उपपन्नं अयावृतम् स्वर्गद्वारम् इदृशं युद्धं सुखिनः क्षत्रियः लभन्ते ।

सरलार्थः हे अर्जुन ! सोच्दै नसोची आइपुगेको यो स्वर्गको खुला द्वार हो, सुखका भागी क्षत्रियलाई मात्र यस्तो युद्ध प्राप्त हुन्छ ।

भावार्थचन्द्रिकाः जुवामा हारेका पाण्डवहरूले शर्तअनुसार बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवास भोले । त्यसपछि उनीहरूले आफ्नो हक माग्दा कौरवहरूले सियोको टुप्पो बराबर जमीन पनि बिनायुद्ध प्राप्त नहुने कुरा बताए ।

पाण्डवहरू पाँच भाइलाई पाँच गाउँ दिए पनि

सन्तुष्ट भएर बस्न राजी थिए । उनीहरूले युद्ध गर्नु पर्ने कुरा सोचेका थिएनन् । मिलेरै शान्तिसँग बस्न पाइएला भन्ने सोचेका थिए । तर त्यसको विपरीत, नचाहँदा नचाहँदै पनि युद्धको निम्ति तयार हुनु परिरहेको थियो । त्यसैले यो युद्ध उनीहरूका लागि आफैं आइलागेको थियो । यस्तो युद्ध प्राप्त गर्ने क्षत्रिय सुखी हुन् भन्नुको मतलव हो- स्वधर्मको आफ्नो कर्तव्यको पालनबाट मानिसलाई जुन सुख प्राप्त हुन्छ, त्यो सुख अन्य सामान्य खानपीन आदि भोगबाट प्राप्त हुँदैन । आफ्नो कर्तव्यको पालन गर्दा मानिस भित्रभित्रै सन्तुष्ट भइरहेको हुन्छ । जसबाट उसलाई सुखानुभूति हुन्छ ।

अथ चेत्त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ।।३३।।

अन्वयः अथ चेत् त्वम् इमं धर्म्य संग्रामं न करिष्यसि ततः स्वधर्मं कीर्तिं च हित्वा पापम् अवास्यसि ।

सरलार्थः यदि तिमीले धर्म अनुसार नगरी नहुने यो युद्ध गरेनौ भने स्वधर्म र सुकीर्ति दुवैबाट तिमी वञ्चित हुनेछौ र तिमीलाई स्व्धर्म त्याग गरेको कारणाले ठूलो पाप लाग्नेछ ।

भावार्थचन्द्रिकाः अर्जुनले शोक र मोहको आवेगमा बन्धुजनहरूसँग लड्दा, तिनमाथि प्रहार गर्दा, तिनलाई मार्दा पाप लाग्ने कुरा बताएका थिए । भगवान्ले यहाँ होइन बरू धर्मरक्षा निम्ति स्वर्गको ढोका खोलेर आइपुगेको यस युद्धमा नलड्दा पो तिमीलाई पाप लाग्दछ भन्ने कुरा सम्झाउँदै अर्जुनलाई भन्नुभएको छ । सुन्दा जति नै ठीक जस्तो लागे पनि तिमीले भनेको कुरा उल्टो हो । आफ्नो स्वधर्मको पालन गर्दा होइन नगर्दा चाहि पाप लाग्दछ । धर्म रक्षाको निम्ति युद्ध नगर्नु क्षत्रियको मर्यादा अनुसार पाप हो । त्यसो गर्दा क्षत्रियले क्षात्र धर्मको पालन नगरेको ठहर्छ । यो संग्राम धर्मरक्षाको आह्वान लिएर तिम्रा सामु आएको छ । अधर्म, अन्याय, आसुरीवृत्तिका विरूद्ध लड्ने काम छोडेर कातरता देखाउँदै युद्धबाट विमुख भयौ भने तिमीले क्षत्रिय धर्मको परित्याग गरेको ठहर्ने छ । तिम्रो वीरताले सिर्जेको आजसम्मको सुकीर्ति पनि माटामा मिल्ने छ । साथै तिमी घोर पापका भागी हुनेछौ ।❖

(आचार्य खेमराज केशवशरणको वि.सं. २०७४ साल साउन १८ गते देहवसान भएको हो । उहाँको पारिवारिक श्रोतबाट प्राप्त भएको उहाँद्वारा लिखित गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं)



हार्दिक समवेदना



नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

जन्मः २०११ चैत २६ गते

दिवंगतः २०८० बैशाख २२ गते

यस पत्रिकाका शुभचिन्तक एवम् सहयोगी उपेन्द्र प्रधानज्यूको अर्धाङ्गिनी **पुण्यश्वरी प्रधान**को असामयिक निधन भएकोमा उहाँको स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै यस दुःखद् परिस्थितिमा शोक सन्तप्त परिवारजनमा भगवान् श्रीपशुपतिनाथले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामना गर्दै समवेदना व्यक्त गर्दछौं ।

गौरी मासिक पत्रिका परिवार

भक्तहरूका साथ कीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

आचार्यबाट कामिनी-कांचनको त्याग, त्यसपछि लोकशिक्षाको अधिकार

श्रीरामकृष्ण– जोबाट उहाँले लोकशिक्षा दिलाउन चाहनुहुन्छ तिनले संसारको त्याग गर्नुपर्दछ । जो आचार्य हुन् तिनले कामिनी–कांचनको त्याग गर्नुपर्दछ । नभए तिनका उपदेशलाई मानिसहरू लिन्नन् । केवल भित्रबाट त्याग गरेर काम चल्दैन । बाहिर पनि देखिनु पर्दछ । तब नै लोकशिक्षा हुन सक्दछ । नभए मानिसहरू ठान्नेछन् यी कामिनी कांचनको त्याग गर्न त भनिरहेछन्, तर आफै भित्र भित्रै खुब भोग गरिरहेका छन् ।

"एकजना वैद्यले एकजना रोगीलाई औषधी दिएर भनेछन्, 'तिमी कुनै अर्को दिन आऊ । त्यसपछि म पथ्यपरहेजको कुरा बताइदिउँला ।' त्यस दिन वैद्यकहाँ खुदोको धेरै घडा थिए । रोगीको घर निकै टाढा थियो । उसले अर्को दिन आएर वैद्यलाई भेटेछ । वैद्यले भने, 'खानपानमा सावधानी राख्नू । सख्खर खानु ठीक हुँदैन ।'

रोगी गएपछि एकजनाले वैद्यलाई सोध्यो, 'हैन तपाईँले उसलाई यति कष्ट किन दिनुभएको हो ? त्यसै दिन सख्खर नखानू भनिदिएको भए हुन्थ्यो ।' वैद्यले हाँसेर भने, 'यसको एउटा खास अर्थ छ । त्यस दिन मकहाँ खुदो र शख्खरका धेरै घडाहरू थिए । त्यस दिन उसलाई मैले सख्खर नखानू भनेको भए पत्यार लाग्दैन थियो । उसले ठान्ने थियो जब उनीकहाँ यतिविधि सख्खर राखिएको थियो भने यिनी अवश्य केही न केही मात्रामा सख्खर खाने गर्छन् होला ? त्यसैले सख्खर यस्तो नराम्रो चिज हुन सक्दैन । आज मैले सख्खरका घडाहरूलाई लुकाएर राखेको छु । अब उसलाई मेरो कुरामा विश्वास हुनेछ ।'

"मैले आदिसमाजको आचार्यलाई देखेको थिएँ । दुईचोटि वा तीनचोटि उसले विवाह गरेको छ रे । छोराछोरी ठूलाठूला भैसकेका छन् रे । "यस्तै मानिसहरू नै आचार्य छन् । यिनीहरूले यदि ईश्वर सत्य छन् र अरू सब मिथ्या हो भनेमा कसलाई यिनका कुराको विश्वास हुन्छ होला ?

"जस्तो गुरु छ, उसलाई शिष्य पनि त्यस्तै मिल्दछ । संन्यासी पनि यदि मनले त्याग गरे पनि बाहिर कामिनी र कांचनको सम्पर्कमा हुन्छ भने ऊबाट लोकशिक्षा हुन सक्दैन । मानिसहरू भन्छन्– यो लुकेर मिठो खान्छ ।

"सींतीको महेन्द्र वैद्यले रामलाललाई पाँच रूपैयाँ दिएर गएको रहेछ । मलाई यो कुरा थाहा थिएन । रामलालले भनेपछि मैले सोधेँ । कसलाई दिएको हो । उसले यहाँको लागि भन्यो । पहिले त मैले सोचें दूधवालालाई रूपैयाँ दिनुछ, नभए यसैबाट निकालेर दिनुपर्ला । हरे ! हरे ! जब केही रात परेको थियो सुत्न नसकेर खाटमा उठेर बसेँ । बडो सकस भएको थियो । लाग्यो कोही छातीमा कोपर्दैछ । तब रामलालकहाँ गएर मैले फेरि सोधें उसले तेरी काकीलाई त दिएको छैन ? यसले भन्यो– छैन । तब मैले भनेँ– तैले रूपैयाँ फर्काएर आइज । रामलालले भोलिपल्ट गएर पैसा फर्काइदियो ।

"संन्यासीको लागि रूपैयाँ लिनु वा लोभमा फस्नु भनेको कस्तो हो थाहा छ ? ब्राह्मणकी विधवा धेरै कालसम्म आचार र ब्रह्मचर्यमा रहेर एक दिन नीचशूद्रसँग भाग्नु जस्तो हो यो । त्यो देशमा भगी तेलिनीका धेरै चेलाहरू भएका थिए । शूद्रलाई सबै जनाले प्रणाम गर्दछन् भनेर त्यहाँको जमिन्दारले उसको पछाडि कुनै बदमासलाई लगाइदियो । उसले त्यसको धर्म नष्ट गरिदियो । साधन

भजन सबै माटोमा मिल्यो । पतित संन्यासी पनि त्यस्तै नै हो ।

"तिमीहरू संसारी हौ, तिमीहरूको लागि सत्संगको आवश्यकता पर्दछ । "पहिलो कुरा साधुसंगत त्यसपछि श्रद्धा हो । साधु सन्तले यदि उहाँको नाम लिएनन्, उहाँको गुणकीर्तन गरेनन् भने त्यसमाथि मानिसहरूलाई विश्वास र श्रद्धाभक्ति कसरी हुन सक्दछ ? जब मानिसहरू तिमीलाई तीन पुस्तादेखिको धनी भनेर सम्झिन्छन् तब नै मानिसहरू मान्दछन् ।

(मास्टरसँग) "ज्ञान भएपछि पनि अनुशीलन गरिरहनु पर्दछ । नागा भन्थे 'लोटालाई एक दिन मात्र माझेर पनि के हुन्छ ? यसै राखिरह्यो भने मैलो भइहाल्छ ।' "तिम्रो घर एक चोटि जानु छ, तिम्रो अड्डा थाहा भयो भने सम्भव छ, धेरै जना भक्तहरू आएर भेट्नेछन् । तिमी ईशानकहाँ एक चोटि जानू ।

(मणिलालसँग) "केशव सेनकी आमा आएकी थिइन् । उनका घरका बालकहरूले हरिनाम गाए । उनी ताली बजाई बजाई तिनको प्रदक्षिणा गर्न लागिन् । शोकबाट उनलाई त्यति दुःख थिएन । यहाँ आएर उनी एकादशीको माला लिएर जप गर्थिन् । मैले देखेँ, उनीमा बडो भक्ति छ ।"

मणिलाल– केशव बाबूका हजुरबा रामकमल सेन भक्त थिए । तुलसीकुंजमा बसेर नामजप गर्थे । केशवका पिता प्यारीमोहन पनि वैष्णव भक्त थिए ।

श्रीरामकृष्ण– बाबु यदि त्यस्तो नभए छोरो कहिल्यै यत्रो भक्त हुन सक्दैन । विजयको अवस्था हेर न । विजयका बाबु भागवत पढ्दा भावावेशमा अचेत हुन्थे । विजय पनि कहिले 'हो हो' भन्दै जुरुक्क उठ्छ । हिजो आज विजय जे दर्शन गर्दैछन्, सबै ठीक छ । साकार र निराकारको कुरामा विजयले भन्यो, जसरी छेपारोको रंग रातो, पहेँलो सबै किसिमको हुन्छ र फेरि कुनै पनि रंग रहँदैन, त्यसरी नै साकार र निराकार छन् ।

सरलता र ईश्वरप्राप्ति

"विजय बडो सरल छन् । खुब उदार र सरल नभई ईश्वर दर्शन हुँदैन । "हिजो विजय अधर सेनकहाँ गएका थिए । व्यवहार यस्तो थियो, जस्तो आफ्नै घर हो । जस्तो सबै आफ्नै मानिस हुन् । "विषयबुद्धि नगई कोही उदार र सरल हुँदैन । "माटो नछानेको भए त्यसको भाँडा बन्न सक्दैन । भित्र बालुवा वा ढुंगा रहेमा भाँडा चर्कन्छ, त्यसैले कुमालेले पहिले माटो तयार गर्छ ।

"ऐनामा फोहेर जमेको भए त्यसमा मुख देखिदैन । चित्तशुद्धि नभई ईश्वरलाई चिन्ने जान्ने इच्छा हुँदैन । "हेर न जहाँ अवतार छन् त्यहीँ सरलता छ । नन्द, दशरथ यी सबै सरल थिए ।

वेदान्त भन्दछ, बुद्धि शुद्ध नभई ईश्वरलाई जान्ने इच्छा हुँदैन । "अन्तिम जन्म वा अर्जित तपस्या नभई उदारता वा सरलता आउँदैन ।" क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

जेठ महिनाका पर्व तथा विदा

१ वृष संक्रान्ति, अपरा एकादशी व्रत,
३ प्रदोषव्रत
५ बटसावित्री व्रत, शनि जयन्ती
६ दशहरा स्नान आरम्भ, गोसाइकुण्ड स्नान आरम्भ
९ गते मंगल चौथी व्रत
११ सिथी नखः
१५ गणतन्त्र दिवस
१६ गङ्गादशहरा व्रत, गोसाइकुण्ड स्नान समाप्ति
१७ निर्जला एकादशी व्रत, तुलसीको दल राख्ने दिन
१८ विश्व आमाबुबा दिवस
१९ प्रदोष व्रत
२० पूर्णिमा व्रत
२१ गते ज्याः पुन्हि
२२ विश्व वातावरण दिवस
३१ योगिनी एकादशी व्रत
३२ प्रदोष व्रत

जगत्को धारक, पोषक : यज्ञ

-सहप्रा. डा. बिनु बाबा अर्याल

यज्ञ शब्द व्याकरण र नैरूक्त आचार्यहरूको मतानुसार देवपूजा संगतीकरण र दानको अर्थ दिने यज्ञ धातुबाट आएको हो ।[१] त्यसअनुसार जुन कर्ममा देवता तथा विद्वान् हरूको पूजा, सत्कार हुन्छ; संगतीकरण, अग्न्यादि प्राकृतिक तत्त्वहरूका साथ यथायोग्य संगति हुन्छ; जसबाट अनेक विधि शिल्पकार्यहरूको सिद्धि हुन्छ, प्राकृतिक तत्त्वहरूको शुद्धि वा गुण संवर्द्धनको लागि अग्निमा घिउ आदि उत्तम भन्दा उत्तम सुगन्धित पुष्टिदायक आरोग्यवर्द्धक पदार्थहरूको त्याग प्रक्षेप तथा संसारमा भएका प्राणीहरूको लागि लाभको उत्कर्षका लागि विद्या, धन आदिको विनियोग गरिन्छ । यी सबै कर्म यज्ञ शब्दबाट परिगृहीत हुन्छ । यज्ञ शब्दको यो तात्पर्य दयानन्दले यजुर्वेद अध्याय १ को दोस्रो मन्त्रको भाष्यमा लेखेका छन् ।[२] अतः यज्ञको अर्थ मान, सम्मान (पूजा), सत्सङ्ग (सत्यसेवा र सत्यज्ञान) र दान (उपकार, त्याग, समर्पण, योगदान) हुनु हो ।

यज्ञलाई तीन प्रकारका सत्कार्यका रूपमा बुझिन्छ- देवता (दान, उपकार, सत्य सेवा) अर्थात् १. विश्व कल्याणकारी स्वर्गीय सत्कार्यद्वारा प्रकाशित व्यक्तित्वको मान सम्मान (पूजा) गर्नु । २. सत्य(साँचो कुरा) को संगत गर्नु अर्थात् दिगो हुने (टिक्ने) सच्चा कुरा गर्ने, गराउने, मन वचन र कर्मको सिको गर्ने (संस्कार) र ३. आफूले आफ्नै परिश्रमले अर्जेको आफ्नो कमाइको आफूलाई ज्यादै मनपर्ने वस्तु (प्रिय वस्तु)लाई अरूको हित र समुन्नतिमा अर्पण गर्नु अथवा आफ्नो मन, वचन, कर्मलाई परसेवामा लगाउनु (आफ्नो र पर उपकारको कार्य) । यज्ञको रूपमा साक्षात् परमात्माको आराधना गरिने काम हुन्छ ।[३] तसर्थ सारांशमा भन्नुपर्दा दान परोपकार आदि कर्महरू यज्ञ हुन् ।

यो संसार यज्ञमय छ । यज्ञबाटै यो विश्व ब्रह्माण्डको सु-सञ्चालन भएको छ । यो संसारको मूल जरो नै यज्ञ हो । परमेश्वरले रचिएको यो विश्व ब्रह्माण्डलाई सञ्चालन गर्ने जीवन चक्रको नाम यज्ञ हो । साथै परमात्माको अर्को नाम यज्ञ पनि हो । विश्वको जीव जगत् र निर्जीव जगत् (स्थावर र जङ्गम) लाई संरक्षण संवर्द्धन गर्दै सन्तुलित राख्ने तत्त्व यज्ञ हो । यज्ञको नाश भएमा जगत्को गतिशीलता नष्ट हुन्छ । भगवान् श्रीकृष्णले अर्जुनलाई मैले यो सृष्टि, चक्र (यज्ञ)का साथै प्रजा (दुनिया र दुनियाका पदार्थको गतिशीलताको सृष्टि गरेको हुँ, यज्ञलाई विधिको काम धेनु सम्झेर सञ्चालन गर्नु । जो यज्ञ गर्दैनन् ती नष्ट भ्रष्टहरूको जीवन व्यर्थ हुन्छ भन्नु भएको छ-

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ । (गीता ३/११)

यज्ञले देवताहरूलाई खुशी गराउन्, देवताहरूले तिमीहरूलाई खुशी गराउने छन् । यसरी परस्परमा भावना गरेर दुवैले परमकल्याण पाउने छौ ।

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥ (गीता ३/१२)

यज्ञद्वारा खुशी भएका देवताहरूले तिमीहरूलाई चिताएको कुरा दिनेछन् । तिनीहरूले दिएको त्यो भोग उनीहरूलाई अर्पण नगरी जो स्वयं भोग्दछ त्यो चोरै हो ।

सद्यो दाशुषे क्षरसि (सामवेद १४९८)

कर्म गर्नेले कर्मफल तत्कालै प्राप्त गर्दछ । विद्या दान गर्नेले प्रशंसा र सम्मान पाउँछ । दानी व्यक्तिले मानसिक आनन्द प्राप्त गर्दछ । सत्कर्म गरेर सुख समृद्धि प्राप्त हुन्छ । ईश्वरले पनि कर्मशील दानी र परिश्रमी व्यक्तिलाई सफल पार्न कृपा गर्दछन् ।

आपसमा सहयोगी, समझदारी, विश्वास, दान, मान, सम्मान, इमान्दारी, सेवा भाव जस्ता यज्ञीय तत्त्वहरूको विकास हुनुपर्दछ । जसरी यज्ञमा ऋत्विकहरू, सदस्यहरू,

सहयोगीहरू सबैले परस्पर सहयोग एवम् समझदारी, विश्वास र प्रेमले काम गर्दै यज्ञ सम्पनन गर्दछन्, त्यसैगरी यो विश्वको सु-सञ्चालनमा पनि सबैले आ-आफ्नो कर्तव्यहरू गर्नु पर्दछ । अन्यथा विश्वमा विध्वंस सिवाय केही हुँदैन । अतः यज्ञको कार्य गर्न छोड्नु अमानवीयता हो ।

यज्ञरूपी परमात्माको महत्त्वबारे श्रीमद्भगवत्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ- यज्ञचक्र र कर्मचक्र शरीर निर्वाहका निम्ति र जगत्को स्थितिमा धारण पोषणका निम्ति अनाशक्तिपूर्वक सबैले चलाउनै पर्दछ । मनुष्य संसारमा आउँदा आफ्नो दायित्वलाई पनि साथै लिएर आएको हुन्छ । यही दायित्व पूरा गर्नु नै



यज्ञ हो । यज्ञ कुनै मनुष्यको भार वस्तु होइन । यज्ञको परम लक्ष्य भनेको तेज र ज्ञानको वृद्धि गर्नु हो । तेजले तेज बढाएर प्रकाशमान बनाउँछ । एउटा दीपले अर्को दीप जलाउँदै अन्धकारको नाश गर्दछन् । समाज धारणका निम्ति आवश्यकीय कर्तव्य नै ज्ञान यज्ञ बढाउनु हो । सबैले आफ्नो आफ्नो कर्तव्य पालन गर्नाले समाजको सामूहिक उन्नति हुन्छ । यस कार्यमा सहयोग नदिएर केवल बढी लाभांसको मात्र व्यक्तिगत उपयोग गर्न खोज्ने मानिस समाजको भार मात्र होयन शत्रु पनि हो । त्यसैले भगवान्ले भन्नुभएको छ- हो अर्जुन ! यज्ञहीन् पुरूषको निम्ति यो लोक त छैन भने अरू कहाँबाट होला ?

हाम्रो जीवन नै एउटा यज्ञ हो । यस यज्ञलाई सात होता (शरीर, कर्मेन्द्रिय, ज्ञानेन्द्रिय, मन, वुद्धि, आत्मा र परमात्मा)ले पूर्ण गर्दछ । यी सबैलाई चलाउने वेगवान् अश्वरूपी मन शुद्ध भयो भने सहजै शुद्ध (शिव) संकल्पयुक्त मनद्वारा जीवन यज्ञपूर्ण गर्न सम्भव हुन्छ ।

वेदको चारै भागमा यज्ञको महत्त्व वर्णन गरिएको छ । यज्ञको अर्थदेखि इतिसम्म सबै कुरा वेदले नै बताएको छ । यो विश्वमा वेदभन्दा पुरानो प्रामाणिक ग्रन्थ कहिँ कतै कुनै वैज्ञानिकले पनि भेट्टाएका छैनन् । आजका विकसित राष्ट्रहरूका वैज्ञानिकले पनि कुनै अर्को विकल्प नपाएर स्वीकार गर्न वाध्य भएका छन् । अतः यज्ञ त्यो विधि हो जसद्वारा प्राकृतिक सन्तुलन बनाइराख्न सकिन्छ । यज्ञद्वारा पर्यावरणको सुरक्षा, वायुमण्डलको पवित्रता, विभिन्न रोगहरूको नाश, शारीरिक र मानसिक उन्नतिको साथै दीर्घायु पनि प्राप्त हुन्छ । यज्ञद्वारा भू-प्रदूषण, जल-प्रदूषण, वायु-प्रदूषण र ध्वनि-प्रदूषणलाई हटाउन सकिन्छ ।

यज्ञ एक वैज्ञानिक प्रकृया हो जसले वायुमण्डलमा अक्सिजन र कार्वनडाइअक्साइडलाई सन्तुलन बनाइराख्दछ । प्रकृतिमा एक नैसर्गिक चक्रको वातावरण छ, जस अनुसार प्रत्येक पदार्थ पुनः आफ्नो मूल स्थानमा पुग्दछ । यही आधारमा अहोरात्र चक्र, ऋतु चक्र, वर्षचक्र, सौरचक्र, चान्द्रचक्र आदि व्यवस्थित हुन्छ । यही प्राकृतिक चक्रलाई पारिभाषिक शब्दावलीमा यज्ञ भनिन्छ । यो प्राकृतिक चक्र विश्वमा प्रतिक्षण चलिरहन्छ । ऋग्वेद र यजुर्वेदमा यस प्राकृतिक यज्ञको वर्णन गर्दै भनिएको छ कि वर्ष चक्ररूपी यज्ञमा वसन्त ऋतु घिउ हो, ग्रीष्म ऋतु समीधा र शरद ऋतु हव्य हो । वसन्त पछि ग्रीष्म, ग्रीष्म पछि वर्षा, वर्षा पछि शरद् र शरद् पछि वसन्त । यस प्रकार वर्ष चक्र पूरा हुन्छ ।

यो प्रकृया अणु परमाणुदेखि लिएर सूर्य चन्द्र आदिसम्म सर्वत्र चलिरहन्छ । यसैको नाम हो यज्ञ प्रकृया । यसैद्वारा नै सृष्टिको प्रत्येक कणमा प्रतिक्षण स्फोट (Explotion) रूपी यज्ञ भइरहेछ । अतः नित्य परिवर्तन भइरहेछ । यस प्रकार यो सृष्टिचक्र चलिरहेछ । यजुर्वेदमा भनिएको छ कि यो यज्ञ सृष्टिचक्रको नाभी (नाइटो) हो- अयं यज्ञो भुवनस्य नाभिः । (यजु. २३.६२)

ब्राह्मण ग्रन्थहरूमा 'यज्ञो वै विष्णु' भनिएको छ । यज्ञ विष्णु भगवान्को रूप हो । यो परमात्माको प्राप्तिको प्रमुख साधन हो । मानवको हृदयमा एउटा आत्मज्योति विद्यमान रहेको हुन्छ । त्यस अग्निलाई प्रज्वलित गर्नु नै यज्ञको उद्देश्य हो । यस आत्मज्योति उज्यालोले नै मानवको सर्वाङ्गिण शुद्धि हुन जान्छ । त्यसबाट देह शुद्धि, इन्द्रिय शुद्धि, चित्त शुद्धि र आत्मा शुद्धि हुन्छ ।

यज्ञको मुख्य दुई कार्य हुन्छ– १. स्वाह र इदं न मम (यसमा मेरो केही छैन)को भावना जागृत गराउने । स्वाहको अर्थ; स्व- स्वार्थ वुद्धिको, आ-पूर्णतया, हा- छोड्नु । अर्थात् स्वार्थ भावनालाई पूर्णतया छोड्नु या परित्याग गर्नु । निष्काम भावबाट कर्म गर्नु र फलाकांक्षा नराख्नु, यो यज्ञको प्रथम शिक्षा हो । त्यस्तै आत्मसमर्पण- परमात्माको चरणमा आफूले आफूलाई समर्पित गर्नु दोश्रो शिक्षा हो । कर्मको फललाई त्याग्नु र आत्म समर्पणबाट मनुष्य कर्मफलको वन्धनमा पर्दैन ।

यज्ञाग्नि प्रदीप्त हुनु भनेको मानव हृदयमा आत्मज्योति प्रदीप्त भएको संकेत हो । आत्मज्योति प्रदीप्त हुँदा अज्ञानको आवरण क्षीण हुँदै जान्छ र चैतन्यको क्रमशः विकास हुँदै जान्छ । यसका पाँच चरण हुन्छन् । यसैलाई पञ्चकोश भनिन्छ । यी हुन्- अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय ।

आत्मज्योतिको प्रकाशबाट सर्वप्रथम अन्नमय स्थूल शरीर शुद्ध हुन्छ । यो पछि प्राणमयकोश शुद्ध हुन्छ । प्राणमय कोशको शुद्धताले मनोभावहरू, विचारहरूमा शुद्धता आउँछ । यसबाट मनोमय कोश शुद्ध हुन्छ । मनोमयकोशको शुद्धताले बुद्धिमा शुद्धताको प्रवेश हुँदै जान्छ । बुद्धिको शुद्धताबाट विज्ञानमय कोष शुद्ध हुन्छ । बुद्धिको शुद्धताको कारणले या परिणामले नै मनुष्य परमात्माको साथ आत्मीयता एवम् एकात्मकताको अनुभूति गर्न थाल्दछ । परमात्माको आनन्दमा लीन हुनु या तल्लीनताको अनुभूति नै मानवको लक्ष्य प्राप्ति हो । यो नै यज्ञ विज्ञानको पारमार्थिक रहस्य हो । यसैले यज्ञ, भन्नासाथ सर्वसाधारण जनले विशेष विधिपूर्वक देखि रूढ भएर चलेर आएको यज्ञको व्यापक अर्थ समेट्दछ । जस्तो द्रव्ययज्ञ (वाह्य, स्थूल, भौतिक पदार्थ), त्याग यज्ञ (द्रव्य, देवता र त्याग) । देवतालाई उद्देश्य गरेर द्रव्यको त्याग नै याग हो ।

स्वाध्याय यज्ञ आदि विभिन्न थरिका यज्ञहरूको विधान गरेर आफ्नो लक्ष्य यही व्यापक अर्थतिर देखाइएको छ । आखिर यज्ञका भेद अनगिन्ति नै भए तापनि यज्ञ मात्र कर्म साध्य हुन्छन् । अर्थात् हातखुट्टा या बुद्धि नचलाई यज्ञ हुँदैन । कर्मको अर्थ हो- चेष्टा या क्रिया । प्राणी अन्नबाट, अन्न वर्षाबाट, वर्षा यज्ञबाट, यज्ञ कर्मबाट, कर्म कृतिका गुण परिणामबाट, प्रकृति परमात्माबाट उत्पन्न भएको छ । यही प्रकृति समस्त जगत्को परिणामी उपादान कारण हो । यसैले आफ्नो कार्य मात्रामा प्रकृति सर्वव्यापक हुन्छ । यज्ञ पनि प्रकृतिको कार्य हो । त्यसकारण यज्ञमा प्रकृति सदा रहेकै हुन्छ ।

यज्ञ विना लोक पनि सिद्ध हुँदैन । अर्थात् समाजको व्यवस्था पनि सुचारू रूपले चल्न सक्तैन । त्यसकारण सबैले यज्ञको मुख्य तत्त्व त्यागलाई लिएर सामाजिक नीति बन्धनका अग्निमा स्वार्थलाई होम्नुपर्दछ । अग्निको गति सधैं उर्ध्व रहन्छ । अग्निको परम लक्ष्य उन्नतिपथतिर लम्कनु हो । शरीरमा अग्निको ताप रहेसम्म मृत्यु पनि हुँदैन । किनकि स्वार्थ त्यागपूर्वक ब्रह्माकर्षण बुद्धिले गरिएका यावत् कर्महरू यज्ञ हुन् । ब्रह्मार्पण गर्नु नै ब्रह्माका मुखमा आहुति दिनु हो । जसबाट ब्रह्माण्ड चलिरहन्छ ।

यज्ञका प्रकारहरूमा स्मार्त यज्ञ (पढ्नु/पढाउनु), ब्रह्मयज्ञ (पितृलाई तर्पण दिनु), पितृयज्ञ (अग्निमा होम गर्नु), देवयज्ञ (देवताको पूजा अर्चना) भूतयज्ञ (पशुपक्षीहरूलाई आहारा दिनु), मनुष्य यज्ञ (आफ्नो घरमा अतिथिलाई भोजन गराउनु) पर्दछन् । प्रतिदिन गर्नुपर्ने हुनाले यिनलाई नित्यकर्म भनिएको छ र दर्शपूर्णामासादि श्रोत (यज्ञ र अमावश्या र पूर्णिमामा गर्ने विशेष यज्ञ) तथा चारै वर्णका कर्महरू जगत्को धारणपोषणका निम्ति सृष्टिकालमा प्रजाका साथ साथै ब्रह्माले उत्पन्न गर्नुभएको हुनाले यज्ञका भित्र यी सबैको समावेश भएको त्यही यज्ञ हो, किनकि यज्ञचक्रको उद्देश्य नै जगत्को धारणपोषण हो ।

यज्ञको उपयोगिता

यज्ञले प्रकृतिलाई सन्तुलित बनाइ राख्नमा धेरै सहयोग गरेको हुन्छ– हविषा आजुहोत, मर्जयध्वंः (सामवेद ६३) । यज्ञकार्यमा हवन प्रमुख हुन्छ । अग्निमा गोघृत, सुगन्धित वनस्पति, जडीबुटी अन्न आदि मिलाइएको हवनीय

पदार्थ समर्पित गरिन्छ । अग्निद्वारा प्रज्ज्वलित हवनीय पदार्थहरूबाट निस्केको सुगन्धित धुवाँले वातावरण शुद्ध हुन्छ । यज्ञमा सस्वर मन्त्रपाठ गरिन्छ जसले सकारात्मक तरङ्ग उत्पन्न गरिरहेको हुन्छ । वैज्ञानिक परीक्षणहरूबाट सिद्ध भएको छ, अग्निहोत्रबाट केही यस्तो ग्यास निस्कन्छ जसले वातावरणलाई शुद्ध गर्दछ र प्रदुषणलाई नष्ट गर्दछ । प्रदुषण नष्ट भएर शरीरका रोग व्याधिहरू नष्ट हुन्छन् । तसर्थ हवनीय द्रव्यद्वारा वातावरणीय प्रदूषण समाप्त पार्न अग्निमा हवन गर्दै रहनु मनुष्यको कर्तव्य हो– यज्ञः चेतनः जि गतिः (सामवेद, ६७०)

यज्ञले मनमा चैतन्य जगाउँछ । यज्ञमा हवन गर्दा सामगान मन्त्रादिहरूको पठन कार्य हुने हुनाले मनमा शान्ति मात्र हुने होइन यसबाट वातावरणमा समेत शुद्धि हुन्छ । मानसिक शान्तिबाट अध्यात्म ज्ञान प्राप्तिसँगै चैतन्य वृद्धि हुन्छ–

इयक्षमाण भृगुभिः सजोषाः स्वर्यन्तु यज्ञमानाः स्वस्ति ।
(यजुर्वेद १७/६९)

जसले यज्ञ गर्ने इच्छा राख्दछ, उसले पाप जलाउँछ । श्रेष्ठ व्यक्ति सबैसँग प्रेम गर्दछ । यस्ता मानिसले उत्तम गतिप्राप्त गर्दछ । जसले अरूलाई केही दिइरहेको हुन्छ, उसले तत्कालै केही पाइहाल्छ । ज्ञानको दान गर्दा ज्ञानकै वृद्धि हुन्छ । सत्यको अनुसरण गर्नु नै सत्य यज्ञ हो । सत्य यज्ञले दुःख हटाएर दुःखबाट मुक्ति प्रदान गर्दछ । सत्य पथमा अथवा यज्ञ मार्गमा हिड्नका निम्ति सामर्थ्यको आवश्यकता पर्दछ । सत्य पथमा हिड्ने मनुष्यले सदा जीवनलाई सार्थक बनाउँछ ।

कुनै पनि कल्याणकारी उद्देश्य लिएर पूरा गर्नु पनि एउटा यज्ञ हो । ज्ञानबाट ज्ञान बढाउनु नै ज्ञान यज्ञ हो । तेजबाट तेज बढाउनु तेजस्विता यज्ञ हो । यज्ञको परमलक्ष्य भनेको तेजतेजको संयोजन, ज्ञान ज्ञानको संयोजन हो । देवा गातुविदो गातुं वित्त्वा गातुमित (यजुर्वेद २/२१, ८/२१) अर्थात्, हे मार्गदर्शक देवता ! सत्य मार्गलाई बुझेर सत्य मार्गमा नै हिंड ।

वेदबाट ज्ञान प्राप्त हुन्छ । ज्ञानले नै सत्यमार्गतर्फ अग्रसर हुन प्रेरित गर्दछ । यसको आशय सम्पूर्ण मानव समुदायको लागि मार्ग दर्शन हो । मनुष्यले पनि ज्ञान प्राप्त गरेर सत्य मार्गमा हिड्ने र परहित गर्दै आफू सफल र सार्थक बन्ने हो । ज्ञानद्वारा सत्यबोध भएपछि मात्र जीवनको बोध हुन्छ ।

हिन्दु संस्कृति मानवीय सभ्यताजत्तिकै प्राचीन छ । मानवले सूर्य, पृथ्वी, जल, वन, अग्नि, वृक्ष, पशुपक्षी आदिसित आफ्ना भावनाको विनिमय गर्न थालेपछि नै हाम्रो संस्कृति जीवन्त बन्यो । वेदले हाम्रो संस्कृतिको प्रतिष्ठापन गऱ्यो । अतः वैदिक युगलाई वैज्ञानिक दृष्टिले अध्ययन गरी त्यहाँ रहेको सत्यलाई आत्मसात गर्न आवश्यक देखिन्छ ।

❖ -बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सूचि

१. निरूक्त ३/२०

२. अग्नि होत्रसे लेकर अश्वमेध पर्यन्त म.म.प. युधिष्ठिर मीमांसक डा. विजयपाल– प्रकाशकः रामलाल कपुर ट्रष्ट, वहालगढ (सोनीमत, हरियाण), पृष्ठ ७, मुद्रकः कमाल प्रिन्टिग प्रेस, दिल्ली

३. यज्ञ, यज्ञ पुरूषको मूर्ति र बूढानीलकण्ठमा स्थापित यज्ञ पुरूष– कर्मयोग (धार्मिक पत्रिका वर्ष २ अंक २, वैशाख– आश्विन २०५९, प्रा. ऋषिराम पोखरेल, वेदाचार्य, विद्या वारिधि वेद विभागाध्याक्ष, म.सं.वि. वाल्मीकि विद्यापीठ, पृष्ठ ७

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मोवायलः ९८०३४७३०३७

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोन: ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्स: ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगाना: **support@sebon.gov.np**
वेबसाइट: **www.sebon.gov.np**

ईश्वर कसरी भेट्ने ?

-हरिप्रसाद सोडारी

इन्द्रियहरूद्वारा देख्न-जान्न र बुझ्न नसकिने, ब्रह्माण्डका उत्पत्ति-पालन र लयकर्ता, सबैका अभिभावकलाई ईश्वर भनिन्छ। ईश्वर समष्टि र व्यष्टिरूपमा छ, व्यक्त र अव्यक्त स्वरूपमा छ, सबैको मालिक, साक्षी, जान्नेवाला, सर्वशक्तिमान् छ।[१] इन्धिदीप्तौ धातुबाट उज्यालो अर्थमा देवता शब्द बन्छ। अग्नि, वायु, सूर्य, चन्द्रमा, वसु, आदित्य, रूद्र, मरूद्‌गण, विश्वेदेव, बृहस्पति, इन्द्र, वरूण आदि देवता[२] र दुर्गा, लक्ष्मी, सरस्वती, पार्वती आदि देवी हुन्। ईश्वरबाट पहिलो प्राणीका रूपमा देवीदेवताको सृष्टि आदिकालमा भयो। यिनीहरूको शरीर हुन्छ तर

बाँच्नका लागि खान र श्वास फेर्न पर्दैन। उनीहरूको शरीर सधैँ जवान, निरोगी र चमकदार हुन्छ। उनीहरूले शारीरिक सम्बन्धबाट सन्तान जन्माउँदैनन्। संसारको भार हरण गर्न जन्मिएका ईश्वरको विशेष अंशलाई भगवान् भनिन्छ। विशेष परिस्थितिमा निश्चित लक्ष्यका लागि पुरुषका रूपमा जन्मिए भगवान् र नारीका रूपमा जन्मिए भगवती मानिन्छ। राम, कृष्ण, बुद्ध भगवान् हुन्। सीता, राधा आदि भगवती हुन्। भगवान् जन्मन्छन् र लक्ष्य पुरा गरेपछि देहत्याग गर्छन् तर देवीदेवताले यसो गर्नुपर्दैन।

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरिणा॥

अर्थात् "सम्पूर्ण जगत्‌को धन वा अष्टसिद्धि, धर्म, यश, श्रेष्ठता, ज्ञान, वैराग्य यी ६ वटा सम्पत्तिको उत्पत्ति गर्न सक्ने सामर्थ्य भएकालाई भगवान् भनिन्छ।" ऋषि र भगवान् अनेकौँ छन्, देवता ३३ प्रकारका छन् र ईश्वर एकमात्र छन्। मानिस असल कर्म, संस्कार र साधनाको भऱ्याङ चढेर ऋषिमुनि बन्न सक्छ। साधना शक्तिबाट देवीदेवतासरह काम गर्न सक्छ तर परमात्मा बन्न सक्दैनन्। कार्य र स्वभावको आधारमा मानिसलाई दानव, मानव र भगवान्‌मा बाँडिन्छ। कुकर्ममा रमाउने, अरूलाई दबाउने, आफू रूने अरूलाई पनि रूवाउनेलाई दानव भनिन्छ। बाँच र बचाऊ सिद्धान्त बोक्नेलाई मानव भनिन्छ। धर्म, संस्कृति र राष्ट्रको श्रीवृद्धिमा पूर्णरूपले समर्पितलाई ऋषि वा भगवान् भनिन्छ। ब्रह्माण्ड चलाउनेलाई ईश्वर भनिन्छ।

देवीदेवताका स्वरूप देखाउने आकृति विशेषलाई मूर्ति भनिन्छ, जसलाई शास्त्र र परम्पराअनुसार निर्माण गरिन्छ। मूर्तिमा ईश्वर भाव राखेर गरिने पूजा नै मूर्तिपूजा हो। मानिसको मूर्तिलाई शालिक भनिन्छ। भगवान् र देवीदेवताको मूर्तिमा भन्दा ईश्वर (शिवलिङ्ग)मा आध्यात्मिक ऊर्जाको प्रवाह अधिक हुन्छ। आँखा, कान, नाक, जिब्रो, छाला आदिबाट बाहिरी वस्तुको ज्ञान हुन्छ तर ईश्वरको अनुभूति हुन आध्यात्मिक शक्ति हुनुपर्छ। रक्तसञ्चारदेखि विश्वब्रह्माण्डको सञ्चालन ईश्वरकै निर्देशनमा हुन्छ। महादेव ध्यानमा बसेर, ब्रह्माजी कमलको फूलमा योगमग्न भएर, विष्णुले शेषनागमाथि आसन कसेर ईश्वरको चिन्तन गरेका हुन्। ईश्वरको ध्यान देवीदेवता, भगवान्, प्रकृति, मनुष्य आदिले प्राचीन कालदेखि गर्दैआएका छन्। परमात्मालाई बुझ्न र पूज्न सजिलो होस् भनी मठमन्दिर, गुम्बा-चैत्य, मस्जिद, चर्च आदिमा मूर्ति र तस्बिर राख्न थालियो। यसले धार्मिक आस्था बढायो, देवपूजामा

सहयोग पुऱ्यायो, ईश्वरचिन्तनलाई सहज गरायो ।

तैत्तिरीयोपनिषत् (२।६)का अनुसार तत्सृष्ट्वा तदेवानुप्राविशत् ईश्वर आफ्नो सृष्टिभित्र व्यापकरूपमा बस्छ । प्राणीहरूले सन्तानभित्र व्यापक भएर बस्न र अकाल मृत्युलाई रोक्न सक्दैनन् । त्यसैले मानिस ईश्वर होइन । शुद्ध भावले देवदर्शन र परम ज्ञान प्राप्त हुन्छ ।[३] ईश्वर प्राप्तिका लागि ज्ञान, उपासना, भक्ति मार्गमध्ये ज्ञान नै सर्वोत्कृष्ट मानिन्छ ।

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ ।

यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

अर्थात् "मन्त्र, तीर्थ, देवीदेवता, ज्योतिषी, औषधि र गुरूमा जसले जस्तो भावना राख्दछ त्यहीअनुसारको फल प्राप्त गर्दछ ।" ईश्वरमा समर्पित हुनेले एकदिन कुनै न कुनै रूपमा ईश्वरलाई साक्षात्कार गर्छ । प्रह्लादले नृसिंह स्वरूपमा, शवरीले राम, अर्जुनले किरातेश्वर, कुन्ती र द्रौपदीले कृष्णरूपमा देवताको दर्शन गरे ।

शैवले शिवलाई, वैष्णवले विष्णुलाई, शाक्तले देवीलाई ईश्वररूपमा पूज्दछन् । भक्ति गर्नेले सबैमा ईश्वर देख्छ, ज्ञानीले आफूभित्र ईश्वर देख्छ । ईश्वर प्राप्त गर्न भौतिक वस्तु अर्पण, अग्ला मूर्ति र महङ्गा मन्दिर पूजेरमात्र हुँदैन । पवित्र मन, उदार हृदय, आस्तिक भाव र श्रद्धासहितको चिन्तन तथा पात्रता चाहिन्छ । ईश्वरको कृपादृष्टिले प्राणी अबोध र अस्तित्व विहीन हुनुपर्दैन । "हे परमात्मा ! तिमी नै आमा, बुबा, दाजुभाइ, दिदीबहिनी, साथी, विद्या, धनसम्पत्ति, सम्पूर्ण देवीदेवता हौ" भनी पुजिन्छ । परमात्माले जुन जनावरको एउटा खुट्टामा दुईवटा खुर छन् त्यसलाई मात्र सिङ हालिदिए, जसको एउटामात्र खुर वा नंग्रा छन् त्यसलाई सिङ हालिदिएनन् । यसैले गाईको सिंग छ, बिरालो र घोडाको छैन । ज्यानले काम गर्नेलाई जनावर, दम्भले काम गर्नेलाई दानव, मनले काम गर्नेलाई मानव, ज्ञानले काम गर्नेलाई ऋषि, इशाराले काम गर्नेलाई ईश्वर भनियो ।

ईश्वर अभिभावक र न्यायको विम्ब हो । ईश्वर एक छ हामी अनेक रूपमा पुज्ने, बुझ्ने गर्दछौँ ।[४] आस्था र श्रद्धावान्ले ईश्वरसम्म पुग्न सहयोग गर्छ । धार्मिक कर्म, ईश्वरप्रतिको विश्वासले तनावरहित बनाउँछ । शुभकर्म, परमात्माको पूजाले कसैलाई नोक्शान गर्दैन किनकि ईश्वर सबैका अभिभावक हुन् । शुक्लयजुर्वेद (४०।१)ले ईशावास्यमिदं सर्वंयत्किञ्चजगत्याञ्जगत् भनी ईश्वर सबैतिर व्यापक भएको पुष्टि गर्दछ ।

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।

यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥

अर्थात्, "हे माधव ! तिम्रो कृपा भए लाटो बोल्न सक्छ, लङ्गडो पहाड चढ्न सक्छ, यस्ता तिमीलाई म वन्दना गर्दछु ।" ईश्वर (माधव)लाई आनन्दको स्वरूप र कारक मानिन्छ । ईश्वरलाई 'मा' लक्ष्मी (श्रीसम्पत्ति) 'धव' स्वामी अर्थात् लक्ष्मीका स्वामी मानिन्छ । ईश्वर मान्ने असल कार्यमा प्रवृत्त हुन्छन् । हत्या, भ्रष्टाचार, बलात्कार आदि मानसिक रोगलाई नियन्त्रण गर्ने एउटामात्र उपाय हो ईश्वरप्रतिको आस्था । धार्मिक मानिसलाई पनि समस्या पर्छ, रोग लाग्छ तर ईश्वरप्रतिको लगावले विचलन आउँदैन । फल्गुनन्द महागुरूलाई शूलको, रामकृष्ण परमहंशलाई क्यान्सरको, डा. प्रपन्नाचार्यलाई दमको रोग थियो तथापि उहाँहरूमा कुनै विचलन आएन ।

मानिसले परिवार, समाज र राष्ट्र चलाएको नाटक गर्छ तर ब्रह्माण्डलाई न त चलाउन, न त बनाउन सक्छ । सबै ईश्वरका वस्तु भएकाले त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये । "हे भगवान् ! मैले तिम्रा वस्तु तिमीलाई नै समर्पण गरेँ" भनिन्छ । केहीले प्रकृतिलाई ईश्वर मान्दछन् । प्रकृति जड हो । विश्वलाई जड होइन चेतनले चलाउँछ, चेतन भनेकै ईश्वर हो, प्रकृति होइन । सूक्ष्म चेतन (ईश्वर)ले सबैलाई जन्माउँछ, बढाउँछ र अन्तमा आफूमा समाहित गराउँछ । प्रज्ञानं ब्रह्म (ऋग्वेद), तत्त्वमसि (सामवेद), अहं ब्रह्मास्मि (यजुर्वेद), अयमात्मा ब्रह्म (अथर्ववेद)को रूपमा वेदले ईश्वरलाई बताउँछ । ब्रह्मा, परमात्मा, ईश्वर छ तर छालाका आँखाले देखिँदैन । मूर्तिलाई बुझेर, शास्त्रलाई मानेर, साधनामा हिँडेर, पुर्खाको संकेत हरेर ईश्वरसम्म पुग्न र देख्न सकिन्छ ।

सबैभन्दा प्रजातान्त्रिक र विशाल ज्ञानराशिले परिपूर्ण वैदिक सनातन धर्मले पुराण, उपनिषद्, तन्त्र, मन्त्र, यन्त्र, साधना, तीर्थाटन, पूजा आदिका माध्यमबाट ईश्वरलाई प्राप्त गर्ने बताउँछ । देवी, गणेश, सूर्य, प्रकृति, महादेव, विष्णु जे पुजे पनि जसलाई बुझे पनि ईश्वरसम्म पुग्न सकिन्छ । मन चङ्गा त लोटामा गंगा भनेझैँ सरल र सुगम मार्ग शास्त्रले बताएका छन् । यो आर्यावर्त भएकाले भूमिको ऊर्जा, जलको शक्ति, चिन्तनको बलले ईश्वर देख्न सकिन्छ । जप, तप, तर्पणबाट पनि ईश्वर पाउन सकिन्छ । ईश्वर अनुभूत गर्ने विषय हो यसले मनलाई नमःमा बलेर, बुद्धिलाई आत्मगामी बनाएर पनि साक्षात्कार गर्न सकिन्छ । ईश्वरको खोज, अनुसन्धान, साक्षात्कार, दर्शन यही भूमिमा हाम्रा पुर्खाले गरेका हुँदा स्वभाव र सोचअनुकूल अनुभत गर्न मिल्छ । ❖ –खोप्लाङ, गोरखा

१. स ईश्वरो व्यष्टिसमष्टिरूपो व्यक्तस्वरूपोऽप्रकटस्वरूपः ।
सर्वेश्वरः सर्वदृक् सर्वविच्च समस्तशक्तिः परमेश्वराख्यः ॥

–विष्णुपुराण (६।५।८६)

२. अग्निदेवतावातोदेवतासूर्योदेवताचन्द्रमादेवतावसवोदेवतारुद्रादेवता ......

–शुक्लयजुर्वेद (१४।२०)

३. भावेन लभते सर्वं भावेन देवदर्शनम् ।
भावेन परमं ज्ञानं तस्माद् भावावलम्बनम् ॥–रुद्रयामल तन्त्र

४.इन्द्रमित्रंवरुणमग्निमाहुरथोदिव्यः ससुपर्णोगरुत्मान् । एकंसद्विप्राबहुधावदन्त्यग्निंयमंमातरिश्वानमाहुः ॥ –ऋग्वेद (१।१६४।४६)

स्टक सीमित छ !

अब अठार वटै पुराणहरुका सार संक्षेप नेपाली भाषामा प्रकाशन भइसकेका छन् । यदि यहाँहरुलाई पुराणहरुमा के छ भन्ने जिज्ञासा उत्पन्न भएको छ, बुझ्न चाहनुहुन्छ भने तुरुन्त सम्पर्क गरी आफ्नो प्रति सुरक्षित गर्नुहुन अनुरोध छ । स्टक सीमित भएको हुँदा यथाशीघ्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ । साथै हामीसँग अन्य जीवनोपयोगी धार्मिक पुस्तकहरुसमेत उपलब्ध छन् ।

सम्पर्क ९८५१०३०९७२

पशुपति क्षेत्र विकास कोषले यस क्षेत्रमा हुने कर्मकाण्डका कार्यहरूलाई व्यवस्थित पार्ने हेतुले डा. गोविन्द टण्डन सदस्य-सचिव एवम् रमेश उप्रेती कार्यकारी निर्देशक भएको बेला परीक्षाका विविध चरण अवलम्वन गरी कुल १८ जना ब्राह्मणहरूलाई पशुपति मन्दिरको कोर क्षेत्रमा धार्मिक कृयाकलाप सञ्चालन गर्न अनुमति प्रदान गरेको थियो । यसरी कोर क्षेत्रमा धार्मिक कार्य गर्न 'सूचिकृत ब्राह्मण समूह' र कोष सञ्चालक परिषद् बीच लिखित रूपमा सम्झौता गरी आफूहरू यस क्षेत्रमा धार्मिक कृयाकलापमा संलग्न हुँदै आएको सो समूहका एक सदस्य उत्तम तिमल्सिना बताउनु हुन्छ ।

उत्तम तिमल्सिना

वि.सं. २०३८ साल साविक कुमारी गा.वि.स. (हालको बेलकोटगढी गाउँपालिका वडा नं. २, खनायोखर्कमा बुवा रामप्रसाद र आमा भवानी तिमल्सिनाका कोखबाट जन्मनुभएका उत्तम तिमल्सिना विगत २४ वर्षदेखि पशुपति क्षेत्रमा विशेष गरेर भारतीय तीर्थयात्रीहरूलाई लक्षित गरी विविध पूजापाठका कार्यक्रममा सहभागी हुँदै आउनुभएको छ । शुरूका दिनमा छुट्टै संस्थामार्फत आफ्ना गतिविधि सञ्चालन गर्दैआएको भए पनि पछिल्ला वर्षमा पशुपति क्षेत्र विकास कोषकै समन्वयमा कार्य गरिएको उहाँ बताउनुहुन्छ । स्थानीय वीरेन्द्र मा.वी.बाट एस.एल.सी. उत्तीर्ण गर्नुभएका तिमल्सिनाले वाल्मीकि विद्यापीठबाट उत्तरमध्यमासम्मको औपचारिक शिक्षा हाँसिल गर्नुभएको छ भने धार्मिक ग्रन्थहरूको स्वाध्यायन एवम् अनौपचारिक शिक्षा सदा चलिरहेको बताउनु हुन्छ । पशुपति क्षेत्रलाई सुव्यवस्थित गराउन ब्राह्मणहरूको समेत अहम भूमिका रहने गर्दछ । यसै प्रसंगमा सूचिकृत ब्राह्मण समूहको स्थापनाको पृष्ठभूमि र यस समूहले गरेका योगदानको विषयमा यस पत्रिकाका सम्पादक अर्जुन लामिछानेले उत्तम तिमल्सिनासँग गर्नुभएको कुराकानीको सारसंक्षेप तल प्रस्तुत गरिएको छ । सं.

भगवान् पशुपतिनाथ मात्र स्थायी हुनुहुन्छ; हामी सबै अस्थायी हौं ।

पशुपति परिसरमा पूजा गराउने ब्राह्मणहरूको समूहमा यहाँ पनि हुनुहुन्छ, यसको सामान्य पृष्ठभूमि बताइदिनुस् न !

भगवान् श्री पशुपतिनाथ नेपालको प्रमुख तीर्थस्थल हो । यहाँ पूजा पाठ गराउन पाउनु तीर्थयात्री र स्वयं पूजा गराउने ब्राह्मणको निम्ति समेत प्रतिष्ठाको विषय हुन आउँछ । त्यसैले हुनसक्छ यहाँ योग्यता भएका, नभएका सबै प्रकारका मानिसहरू पूजापाठ गराउन चाहन्छन् । र सबैले मन्दिर क्षेत्र (कोर एरिया)मा नै आफ्ना गतिविधि सञ्चालन गर्न चाहन्छन् ।

म आफू पनि भगवान् पशुपतिनाथको मन्दिर परिसरमा भारतीय तीर्थयात्रीहरूको निम्ति विभिन्न अनुष्ठान गराउँदै आइरहेको छु । हामीले शुरूका दिनमा असंगठित रूपमा एक्लाएक्लै धार्मिक कृयापलाप गरी जीविकोपार्जन गर्ने कार्य गरिरहेका थियौं । बीचमा एउटा धार्मिक संस्था गठन गरी सोही संस्था अन्तरगत रहेर पनि हाम्रा गतिविधि सञ्चालन गर्‍यौं । विभिन्न कठिनाइका कारण त्यो संस्थालाई निरन्तरता दिन सकेनौं ।

सबै ब्राह्मण मन्दिर परिसरमै रहेर पूजा पाठ गर्न चाहने भएपछि बढी भीडभाड हुनु स्वभाविकै हो र त्यस्तै भयो पनि । एकातिर भीडभाड बढ्यो भने अर्कोतिर अयोग्य र असक्षम व्यक्तिहरूले समेत यस क्षेत्रमा मन्दिर परिसरमा रहेर धार्मिक अनुष्ठानका नाममा विकृति फैलाउने भए ।

निश्चित मापदण्ड तयार पारेर सीमित व्यक्तिलाई मात्र मन्दिर परिसरमा सेवा गर्ने अवसर प्रदान गर्न हामीले

पशुपति क्षेत्र विकास कोषलाई अनुरोध पनि गरेका थियौं । तत्कालीन सदस्य सचिव सुशील नाहाटाले लिखित परीक्षा लिएर छनोट प्रकृया अगाडि बढाउनु भएको थियो तर त्यत्तिकैमा उहाँको कार्यकाल सकियो । पछि डा. गोविन्द टण्डन सदस्यसचिव र रमेश उप्रेती कार्यकारी निर्देशक रहनुभएको समयमा स्वामी भागवतानन्दज्यूको आश्रमका प्रतिनिधि, पशुपति क्षेत्र विकास कोषका प्रतिनिधि र नेपाल वेद विद्याश्रमका प्रतिनिधि सहितको उपस्थितिमा पशुपति क्षेत्रमा सेवागर्न उत्सुक ब्राह्मणहरूलाई अन्तरवार्तामा बोलाउनु भयो र त्यस अन्तरवार्तामा छनोट भएका मध्ये १८ जना ब्राह्मणहरूलाई पशुपति क्षेत्र विकास कोषकै नियममा रहेर सम्झौता बमोजिम कार्य गर्न स्वीकृति प्रदान गर्नुभयो र सोही बमोजिम हामी यहाँ सेवामा लागेका छौं ।

कोष र यहाँहरू बीच कस्तो सम्झौता भएको छ र ?

खासमा पशुपति क्षेत्र विकास कोषले हामीलाई कार्य गर्न सहजता प्रदान गर्ने र हामीले पनि यहाँ धार्मिक कार्य गरेवापत कोषलाई निश्चित रकम बुझाउने यही नै सम्झौताको मूल पाटो हो । सहजता भन्नाले यहाँ धार्मिक कृयापलाप सञ्चालन घाम-पानीबाट भक्तजनलाई सुरक्षा दिनको निम्ति आवश्यक पूर्वाधारको व्यवस्था मिलाउने र यहाँ सहभागी हुने भक्तजनलाई मन्दिरमा गरिने अविषेक पूजाको निम्ति सहजता प्रदान गरिने लगायतका कार्यहरू रहेका थिए । यथार्थमा भन्नुपर्दा दुवै पक्षबाट पूर्णतया सम्झौता बमोजिम कार्य भइरहेको अवस्था छैन ।

त्यस अगाडि सुशील नाहटा सदस्य सचिव भएको समयमा हामीले रूद्रभिषेक गरेर दक्षिणा लिए वापत प्रति १० जना ३५०, २० जनाको १४०० का दरले रकम तिर्ने प्रावधान राखिएको थियो । सोही बमोजिम हामीले बुझाउँदै आएका पनि थियौं ।

यहाँहरुले गर्ने कार्यहरू पारदर्शी छन् त ?

सूचिकरण पश्चात हाम्रो समूह ार्फत गरिने पूजा पाठको कार्यलाई सकभर पारदर्शी गराउन लागिरहेका छौं । हाम्रो पूजाको अनुगमन एवम् निरीक्षणका निम्ति कोषबाट दुई जना कर्मचारी खटाइन्छ, उहाँहरू हरेक दिन हाम्रो कार्यक्षेत्रमा आएर आफैं हाम्रा कामको निरीक्षण गरी निर्धारित रकम लिएर बील बुझाएर जाने गर्नुहुन्छ । हामीसँग सबै हिसाव किताव अध्यावधिक नै छ ।

के के कार्य गर्नुहुन्छ ?

हामीले यहाँ गर्ने कार्य भनेको विशेष गरी धार्मिक क्रियाकलाप नै हुन् । जीवनका चार पुरूषार्थ मानिने धर्म, अर्थ, काम र मोक्षका कार्यहरू यिनै क्रियापकापबाट पूरा हुन्छ भन्ने हाम्रो मान्यता छ । भगवान् पशुपतिनाथलाई विमुक्त पशुयोनितः भनिएको छ । पशुको योनिबाट मुक्त गराउन सक्ने भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ । मोक्षको मार्ग यही नै रह्यो । यहाँका धार्मिक क्रियाकलापमार्फत हाम्रो र पशुपति क्षेत्र विकास कोषको समेत आर्थिक उन्नति पनि भएकै छ । आर्धिक कृयापकलापद्वारा धर्म, अर्थ, काम र मोक्ष सबै कार्य हुने गर्दछ ।

लघु रूद्रि बाहेक अन्य के कस्ता धार्मिक गतिविधि सञ्चानल गर्नुहुन्छ ?

खासमा भगवान् शङ्करको तीन प्रकारका उपासना हवनात्मक, जपात्मक र अभिशेकात्मक हुने गर्दछ । कर्ताले इच्छा गरेको खण्डमा यी तीनै प्रकारका उपासना हामीले गराउने गर्दछौं । जसमध्येको अभिशेकात्मक पूजाको निम्ति भने पशुपति क्षेत्र विकास कोषले तोकेअनुसारको रसिद काटेर मन्दिरभित्र हुने विशेष पूजामा सहजिकरण गराउने गर्दछौं ।

रूद्रिका कार्य हामी आफैं गराउँछौं । साथै कसैकसैलाई महामृत्युञ्जय जप गर्नुपर्ने हुन्छ, त्यो जप १०८ वा १००८ को संख्यामा यथासक्य र कर्ताको इच्छा र आवश्यकताअनुसार हामीहरू आफैंले गराउँछौं । विशेष गरी तीर्थयात्रीहरू थोरै रकम र छोटो समय कार्य सम्पन्न गराउन लगाउने भएकोले हामीले जपात्मकभन्दा बढी पाठात्मक उपासनालाई बढी प्रयोग गर्दछौं । वेदलाई श्रुति ग्रन्थ भनिन्छ, पुण्य क्षेत्रमा श्रुतिको वढी महत्त्व हुने भएकोले हामीले भक्तजनलाई साथमै राखेर वेदका ऋचाहरू समेत पाठ गर्ने गराउने गर्दछौं ।

यसका अतिरिक्त हामीले भारतीय तीर्थयात्रीहरूलाई भगवान् पशुपतिनाथको प्राकट्यको बारेमा जानकारी, महिमाका साथै यस क्षेत्रका अन्य मठमन्दिरका महिमा र दर्शनका क्रमका बारेमा समेत निःशुल्क जानकारी गराउने गरेका छौं ।

तपाईहरुका धार्मिक कार्यबाट भक्तजन सन्तुष्ट

हुन्छन् त ?

हामीले विशेष गरी भारतीय तीर्थयात्रीलाई लक्षित गरी रूद्री लगायतका पूजा पाठ गराउने गर्दछौं । नेपालबाट भारत तीर्थयात्रामा जानेहरू र भारतबाट नेपालको तीर्थयात्रामा आउनेहरू सबैजसोको भनाइ एउटै रहेको छ कि तपाईंहरूले जस्तो विधिपूर्वक धार्मिक कार्य अन्य मन्दिरहरूमा गराएको पाएनौं; यहाँहरूको विधि सर्वोत्तम छ । 'तपाईंहरू भक्तजनले स्वच्छाले दिएको लिनुहुन्छ तर काम पूरा गराउनु हुन्छ, तर भारतका बद्रि, केदार, काशी, अयोध्या लगायतका मन्दिरहरूमा पूजा चाहिँ आंशिक रूपमा गर्ने तर रकम भने करकापमा उठाउने गर्नुहुन्छ' भनी उहाँहरू भन्नु हुन्छ ।

यहाँहरुले अनुष्ठान गराउँदा त पशुपति क्षेत्रको आम्दानी समेत वृद्धि हुने रहेछ त ?

हो वास्तवमा हामीले भारतीय तीर्थयात्रीहरूलाई यस क्षेत्रमा ल्याएर विभिन्न अनुष्ठान गराउँदा हाम्रो निम्ति मात्र नभइ पशुपतिको आम्दानीमा समेत केही टेवा पुगेको मलाई अनुभव भएको छ । किनभने एउटा कार्यक्रम गर्दा जे जति पैसा उठ्दछ त्यसको सामान्य खर्च कटाएर करिव ३५ प्रतिशत रकम हामीले पशुपतिको निम्ति छुट्याउने गरेका छौं । यसको निम्ति हरेक दिन पशुपति क्षेत्र विकास कोषले दुई जना कर्मचारी खटाएको छ, उहाँहरू हाम्रो कार्यक्रम स्थलमा आउनु हुन्छ, हेर्नुहुन्छ र नियमानुसार तिर्नुपर्ने रकम रसिद काटी बुझेर लानुहुन्छ । यस्तो रकम बार्षिक रूपमा २५-३० लाख रूपैयासम्म हुने गर्दछ । पछिल्लो केही दिनको मात्र रेकर्ड हेर्ने हो भने पनि गत वैशाख १७ गते २१ हजार, १८ गते २९ हजार, २० गते १४ हजार र ३० गते १६ हजारको रसिद काटिएको छ ।

पूजापाठका क्रममा केही असुविधा छन् कि ?

एउटा समस्या भनेको हामीले खुल्ला स्थानमा पाठ पूजाका कार्यक्रम गराउनु पर्दछ, त्यसैले घाम पानीमा कार्यक्रम सञ्चालन गर्नुपर्दा निकै नै अफ्ठ्यारो हुने गरेको छ । अर्को कुरा हामीले पूजा गराइसकेपछि कतिपय तीर्थयात्रीलाई विशेष पूजाको रसिद कटाई भित्र मन्दिरको पूजामा पनि सहभागी गराउने गरेका छौं । यसरी विशेष



पूजाको रकम कोषले तोकेअनुरूप बैंकमै जम्मा गराएर पूजा गराउन लैजाँदा पनि कतिपय अवस्थामा हामीलाई असहज वातावरण सिर्जना हुन पुग्दछ, यो पक्ष अलि दुःखदायी हुने गर्दछ । हामीले २०-२५ वटासम्म पूजा एकैचोटि गराउनुपर्ने हुन्छ तर विचौलिया छिरेर हाम्रो पूजामा समेत बाधा पुऱ्याउने गर्दछन् । कहिले काँही हाम्रो समूहमा नभएको कुनै बाहिरी ब्राह्मणले भक्तजनलाई केही आश्वासन दिएर मन्दिर परिसरमा ल्याउने गरेको र ती आश्वासन उनले पूरा गर्न नसक्दा हामी जस्ता अन्य ब्राह्मणलाई आरोम लाग्ने गरेको छ, यसो हुँदा बढी दुःख लाग्ने गर्दछ । यति हुँदा हुँदै पनि तीर्थयात्री र हामी बीचको सम्वन्ध अत्यन्त सुमधुर हुने गर्दछ, एकपटक पूजा गराएका तीर्थयात्रीहरू अर्को समय आउँदा समेत हामीलाई खोजीखोजी पूजा गराउनु हुन्छ यो ज्यादै खुशीको अवस्था हो ।

अन्तमा गौरीमार्फत भन्ने पर्ने केही छ कि ?

गौरी मासिक पत्रिका असाध्यै राम्रो धार्मिक पत्रिका हो । 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामय' नै हाम्रो मूल मन्त्र हो । यो हुन सक्यो भने सबैको भलो हुन्छ भन्न चाहन्छु । पशुपति क्षेत्र विकास कोषले केही असाध्यै राम्रा काम पनि गरेको छ र केही राम्रा कामहरू अझै गर्न बाँकी छन् । राम्रा कामहरू चाँढै गर्न सकोस् । भगवान् पशुपतिनाथ स्थायी हुनुहुन्छ भने हामी सबै अस्थायी हौं । त्यसैले श्रीको नाममा सबैलाई राम्रो कर्म गर्न आग्रह र अनुरोध गर्दछु ।

नित्य एवम् नियमित पूजा

पशुपतिनाथ मन्दिर

–पं. लोकनाथ आचार्य

दैविक तथा वैदिक क्षेत्र नेपालमा प्राचीन कालदेखि नै भगवान् शिवको पूजा आराधना गरिँदै आएको छ । नेपालको राजधानी काठमाडौंको मुटुमा अवस्थित भगवान् श्रीपशुपतिनाथ प्राचीन र अत्यन्तै महत्त्वपूर्ण शिव मन्दिर पनि हो । नेपालमा भगवान् श्रीपशुपतिनाथलाई राष्ट्रदेवका रूपमा पुजिने चलन थियो । हामी वैदिक निगम परम्परा र तान्त्रिक आगम परम्परा, दुबैमा आधारित रहेर भगवान् शिवको पूजा गर्न सक्छौं ।

श्रीशुपतिनाथको मन्दिरमा निगम र आगम यी दुईको नै संयोजनमा पूजा गरिन्छ । पहिले रूद्राभिषेक गरिन्छ, त्यसपछि श्रीविग्रहको निधारमा श्रीयन्त्र लेखिन्छ र श्रीमल्ललिताित्रपुरासुन्दरी भगवती राजराजेश्वरीसँग भगवान् शिवको पूजा गरिन्छ । कतिपयको विश्वास छ कि यो परम्परा श्री शंकराचार्यले शुरू गरेको हो । तर तान्त्रिक आगम पूजा प्रणाली स्थापना गर्ने व्यक्ति वाराणसीको अमरदक-मठका शिवगुरू श्री रूद्रशिव हुन सक्छन्, जो बाह्रौं शताब्दीमा नेपाल आएर त्यहाँका राजा र राजकुमार हरूलाई दिक्षा दिए ।

लिच्छवी काल (५औं- ७औँ शताब्दी) मा पशुपत आचार्यहरूको परिषद् र मण्डलीले मन्दिरमा पूजापाठ र अन्य व्यवस्था गरेको प्राचीन शिलालेखले देखाउँछ । तसर्थ निगम-आगम समन्वयबाट शिवपूजाको क्रम निकै पुरानो देखिन्छ । यसै सन्दर्भमा बौद्ध धर्मावलम्बीहरूले भगवान् श्रीपशुपतिनाथलाई त्रिभुवनका देवताका रूपमा पुज्ने गरेको पनि उल्लेख गर्न सकिन्छ ।

पशुपतिनाथको पूजा अन्य मन्दिरको भन्दा पृथक पनि छ । दर्शनार्थीहरूलाई मन्दिरको गर्भगृहमा प्रवेश गर्न निषेध गरिएको छ, तर उनीहरूले गर्भगृहका चारवटा ढोकाबाट भगवान्को दर्शन गर्न सक्छन् । मन्दिर भित्र दक्षिण भारतका चार भट्ट ब्राह्मण अर्चकहरू बस्छन् र एक वा दुई स्थानीय भण्डारीहरू पनि मन्दिरको सहयोगी र संरक्षकको रूपमा रहन्छन् । यी भण्डारी सहयोगीहरूले आगन्तुकहरूबाट पूजा सामग्री लिने र भगवान्को पूजा गरेपछि प्रसाद फिर्ता गर्छन् । अहिले केही सहकर्मीहरू पनि मन्दिर बाहिर गेटमा बस्छन् । मन्दिरको व्यवस्थापन पशुपति क्षेत्र विकास कोषले गर्ने भएकाले विशेष पूजा गर्न चाहने भक्तजनले कोषको कार्यालयमा सम्पर्क गर्नु पर्ने या कोषले तोकेको बैंकमा रसिद काट्नु पर्ने प्रावधान राखिएको छ । मन्दिरको व्यवस्थापन, मर्मत सम्भारमा सहयोग गर्न इच्छुक भक्तजनले पनि कोषमा सम्पर्क गरेर सेवा दिन सक्दछन् ।

श्रीयन्त्रपूजा



भगवान् श्रीपशुपतिनाथ सर्वधर्मी र सर्वज्ञ हुनुहुन्छ । वेद र तन्त्र, निगम र आगम दुवै मार्ग भगवान् श्रीपशुपतिनाथमा पुगेर स्थापित हुन्छन् । यसैले शताब्दीयौंदेखि भगवान्को पूजामा वैदिक र तान्त्रिक अनुष्ठानहरू सम्मिलित हुँदै आएका छन् । श्री पशुपतिनाथको मन्दिरमा श्रीयन्त्र पूजामा दुवै परम्पराको संयोजन हुन्छ ।

श्री यन्त्रको बीचमा परमशिवको साथमा

श्रीमल्ललिता महात्रिपुरासुन्दरी बिन्दुको रूपमा विराजमान छिन् । कामेश्वरी, वज्रेश्वरी र पूर्णेश्वरी बिन्दु बाहिर मूल त्रिभुजको तीन छेउमा बसेका छन् । वाशिनी इत्यादि कौलिनी – यो बाहिर ८ त्रिकोणमा अन्तिम ८ शक्तिहरू बस्छन् । यसको बाहिरका १० त्रिकोणमा सर्वज्ञ आदि १० देवी, सर्वसिद्धिप्रद आदि १० कुलदेवीहरू, बाहिरका अन्य १० त्रिभुजमा, सर्वसक्षोभनी आदि १४ शक्तिको बास हुन्छ । यसभन्दा बाहिर अष्टदल र षोडशदल कमलमा क्रमशः अनङ्गकुसुमा आदि ८ शक्ति र कमकर्शिनी आदि १६ शक्ति छन् । यसभन्दा पर अष्टमातृका, अष्टसिद्धि र १० मुद्रादेवीहरू छन् । श्रीयन्त्रको आधारमा रति र प्रीतिसँगै कामदेवको पनि पूजा गरिन्छ । आगम सम्मत पूजामा दिक्षा लिनु अनिवार्य छ । श्रीमद्‌विज्ञान भैरवतन्त्रका अनुसार शक्ति शिवको उपासनाको माध्यम हो । शक्ति बिना निरञ्जन निराकार भएर पनि हामी शिवको समीपमा पुग्न सक्दैनौं । यो ज्ञान र कर्मको मेलमिलापको मार्ग हो र आगम शास्त्रले भने अनुसार श्रीमल्ललितामहात्रिपुरसुन्दरीका उपासकहरूले भोग र मोक्ष दुवै प्राप्त गर्छन् ।

दैनिक पूजा

भगवान्‌को दर्शन र पूजामा सहजता हुनुपर्छ, क्रमको ज्ञान हुनुपर्छ । पशुपतिनाथ मन्दिरमा दैनिक पूजाका लागि बिहान साढे ४ बजे भण्डारी गणले मन्दिरको पश्चिम ढोका खोलेर सरसफाइ गरी दैनिक पूजाआजाको तयारी गर्दछन् । यसै समयदेखि दर्शनार्थीले पश्चिम ढोकाबाट भगवान्‌को दर्शन गर्न सक्छन् । साढे आठ बजेपछि भगवान्‌का चार दक्षिणी भट्ट अर्चकहरू यस द्वारबाट मन्दिरमा प्रवेश गर्छन् । यी सबै मन्दिर परिक्रमा गरेपछि पश्चिम द्वारमा पुग्छन् । मन्दिर प्रवेश गर्नुअघि मन्दिरभित्र रहेको शिरोमाला धारण गर्नुपर्छ । यो भण्डारीहरूको हातबाट लगाउनु पर्छ । भण्डारीहरूले अर्चकहरूलाई मन्दिर भित्र पूजा सामग्री मिलाउन मद्दत गर्छन्, र मन्दिरको रक्षा पनि गर्छन् ।

मन्दिरमा प्रवेश गर्नेबित्तिकै सबै भट्टहरूले देवताको परिक्रमा गरी न्यासदी गर्छन् । त्यही समयमा बाहिरी सहयोगी ब्राह्मणहरू पवित्र जल ल्याउँछन् । यसलाई लिएर अर्चकहरूले आदि-कलश र अर्घ्य र पद्य स्थापना गर्छन् । त्यसपछि दिक्पाल, वासुकी नागराज आदि देवताहरूको पूजा गरेपछि दीप-गणेश र शंख-घण्टी प्रज्वलन गरी अर्चक गणले देवताका अलंकारहरू हटाउँछन् र धूप-आरती गरेपछि आदि जलले भगवान्‌लाई स्नान गराउँछन् । कलश जलले पनि नुहाइदिने गरिन्छ । त्यसपछि मन्दिरमा उपस्थित सबै भक्तहरूलाई त्यो पानी छर्किइन्छ । यो सिंचाइ भाँडो अभिषेक भनेर चिनिन्छ । यसपछि पञ्चामृतले भगवान्‌लाई स्नान, विशेष पूजा, मुद्रा, न्यास, पूजा, धूप-आरती, पञ्चामृत, तेल स्नान गरी रूद्राभिषेक गरिन्छ ।

उल्लिखित कर्म सकिएपछि पूर्णकलशलाई अभिषेक गरिन्छ । त्यसपछि देवतालाई पुछेर सुगन्ध लगाइन्छ र भक्तहरूलाई भाँडोको पानी छर्काएपछि पश्चिमी ढोका बाहेक सबै ढोका बन्द गरिन्छ । त्यसपछि देवताको निधारमा श्रीयन्त्र लेखेर महात्रिपुरसुन्दरी र परमशिवको पूजा गरिन्छ । त्यसपछि भूषण, नेत्र, मुकुट, छत्र आदि सबै गहना, अलङ्कार सजाएर द्वारहरू खोलेर भक्तहरूलाई भगवान्‌को सजाइएको रूप देखाइन्छ । घण्टा नागरा र अन्य वाद्य बजाउँदै आरती गरिन्छ, त्यसपछि बालभोगको नैवेद्य, कपुर, निराजन र चमार चढाइन्छ । त्यसपछि महाभोग पचन, अर्पण गरिन्छ र गर्भगृह बन्द हुन्छ । केही समयपछि गर्भगृहबाट अर्पण गरिएको भोजन निकालेर चण्डेश्वर आदि गण र नवग्रहहरूलाई अवशिष्ट भोजन अर्पण गरिन्छ । शंख जलले अभिषेक गरेपछि भक्तहरूलाई प्रसाद वितरण गरिन्छ र पश्चिम ढोका बाहेक सबै ढोका बन्द गरिन्छ । यसपछि चारैजना भट्ट एक एक गरी मन्दिर छाडेर आ-आफ्नो निवासमा जान्छन् ।

केही समयपछि मन्दिरका संरक्षक भण्डारीहरू पनि पश्चिम ढोका बन्द गरेर बाहिर जान्छन् । साँझ करिब चार बजे भण्डारीले मन्दिरका भाँडाकुँडा सफा गरेर फिर्ता ल्याएर मन्दिर सरसफाइ गरेपछि आरतीको तयारी गर्छन् । साँझ पाँच बजे अर्थक आरती गर्न आउँछन्, त्यसपछि सबै ढोका खोल्छन् । धूप-आरती, साँझ भोग, निराजन, चमार आदि चढाइन्छ । यी सबै कार्यका बिच मन्दिरमा भजन भइरहन्छ । आरतीको अन्त्यमा भक्तजनले शंख जल सेवन गर्नुका साथै फूलको प्रसाद वितरण गरिन्छ ।❖

(पं. रवि आचार्यद्वारा संशोधन एवं परिमार्जन गरिएको ब्रह्मलीन पं. लोकनाथ आचार्यद्वारा लिखित श्रीपशुपति माहात्म्य पुस्तकको अनुवादित एक अंश)

कालीगण्डकीको महत्व र संरक्षण

– मायादेवी शर्मा

मेरा पिताजीको जन्मघरको आँगनबाट मैले कालीगण्डकीलाई देख्तै आएकी हुँ । यी नदी मेरो कर्मघर मुनिबाट पनि देखिन्छिन् । कालीगण्डकीका अनेक दृश्य मेरा आँखामा नाचिरहेका हुन्छन् । त्यस्तै मेरा कानमा काली सुसाएको आवाज घन्किरहन्छ । मैले कालीका तीरमा धेरै पाइला चलाएकी छु । त्यहीँ नुहाएकी छु । कालीको पानी पिएकी छु । मेरो जीवनमा काली भिजेकी छन् । म कालीगण्डकीलाई मनैमन प्रणाम गर्छु ।

प्रायः हिँउँले छोपेका अग्लो पहाड र कुण्डबाट कालीगण्डकी जन्मेकी छन् । यी गण्डकीले दामोदर कुण्डबाटै आफ्नो गर्भबाट भगवान् शालिग्राम जन्माउँदै हिँडेकी छन् । कागबेनीमा आइपुग्दा प्रसिद्ध तीर्थ मुक्तिनाथबाट बगेका १०८ धारा यिनैमा समाहित भएका छन् । यो सङ्गम स्वयं तीर्थ हो । यहीँ श्राद्ध तर्पण गरेर मुक्तिनाथ भगवान्को दर्शन गर्न उकालो लागिन्छ ।

यो मुक्तिक्षेत्र वरिपरि अग्ला अग्ला पहाड देखिन्छन् । यी पहाडमा धेरै महिना हिँउँले छोपिरहेको हुन्छ । यिनै पहाडका खोँचबाट काली गण्डकी बग्दै तलतल आउँछिन् । त्यहाँ यिनलाई हिउँ ओडाउने पहाड त छैनन्, ती पहाडलाई छेड्दै र खोँच पार्दै काली सुसाउँदै बगेकी छन् । यी क्रमशः किनारमा अन्य तीर्थस्थल बनाउँदै नागवेली भएर तलतल सर्छिन् । थुप्रै खोला पनि यिनमा मिसिँदै जान्छन् । जस्तै राखु, बेनी, मोदी, ठेउले, लमाये पालुङ आदि ।

कालीगण्डकीले शालिग्राम बनाउँदै र सुसाउँदै हिँडेको धर्ती सबै पवित्र मानिन्छ । यी नदीको छेउमा बालुवा खोस्रने हो भने शालिग्राम भेटाउन सकिन्छ । यिनैको

जलले नुहाइएको विशाल शिलालाई शालिग्राम मानेर हालै भारतको प्रसिद्ध तीर्थस्थल अयोध्या पुऱ्याइएको छ ।

कालीगण्डकीका विभिन्न किनारमा तीर्थ सङ्गम छन् । ती किनारका ठाउँमा योगीले तपस्या गरेका कथा सुन्न पाइन्छ । जस्तै बेनीको सङ्गममा गलेश्वरधाम छ । त्यहाँ जडभरतले तपस्या गरेथे । त्यहाँ मोदी र कालीको सङ्गममा मोदीवेनी आश्रमस्थल छ । यसमा पनि अनेक तपस्वीले तपस्या गर्दैआएका छन् । ठेउले र कालीको सङ्गममा जैमिनिघाट छ । वेदको यज्ञकर्म विषयका व्याख्याता महर्षि जैमिनिले तपस्या गरेको तीर्थ जैमिनिघाट हो । महर्षि जैमिनिकै नामबाट जैमिनि नगरपालिका नाम राखिएको छ । यहाँ महर्षि जैमिनिले आफ्नो पूर्वमीमांसा दर्शन बनाएथे । त्यहाँ शङ्खको आकारको ढुङ्गा छ । गुफा पनि छ । त्यो गुफाबाट शङ्खको आवाज आउँछ भन्ने भनाइ छ । त्यो गुफामा सिद्ध तपस्वी बस्थे ।

त्यहाँ हरिबोधिनी एकादशी, बालाचतुर्दशी र माघे सङ्क्रान्तिमा ठुलो मेला लाग्छ । धेरै तीर्थालु त्यहाँ स्नान र मेला भर्न आउँछन् ।

ठुली एकादशीमा मेला लाग्ने बेलबगर कालीगण्डकीकै तीरमा छ । नजिकै गाईथुने छ । त्यहाँ पनि तपस्वीजन आश्रम बनाएर बस्तछन् । पालुङ्खोला र कालीको सङ्गम फूलबारीमा पनि ठुलो मेला लाग्छ । सेतीवेनी जहाँ शालिग्राम भगवान्को ठूलो शिला छ । सेतीबेनीमा रहेको शालिग्राम शिलाको दर्शन गर्न टाढाटाढाबाट दर्शनार्थी आउँछन् । कालीगण्डकी बग्दै जाँदा आउने राम्दी, रिडी निकै नाम चलेका तीर्थ हुन् । यिनै नदी नागवेली हुँदै देवघाट पुगेकी छन् । त्यहाँ पुग्दा यताबाट सेती, मर्स्याङ्गी, त्रिशूली आदि नदी कालीगण्डकीमा जोडिन्छन् । कालीगण्डकी क्रमशः नारायणी बन्छिन् । क्रमशः देवघाट आउँछ ।

देवघाट प्रख्यात तीर्थस्थल बनेको छ । त्यहाँ अनेक मन्दिर छन्, गुरूकुल छन्, गौशाला र वृद्धाश्रम छन् । आध्यात्मिक केन्द्र भएको छ देवघाट । त्यहाँ अनेक संन्यासी पनि छन् । त्यहाँ पनि समयसमयमा मेला लाग्छन् । नारायणी अगाडि बढ्दै त्रिवेणी पुग्छिन् । त्रिवेणीमा वाल्मीकि आश्रम छ जहाँ जगज्जननी सीताजीले लवकुशलाई जन्म दिएर हुर्काउनुभयो । जहाँ आदिकवि वाल्मीकिले आदिकाव्य रामायण लेखे । यी सबै पुरातन कथालाई किनारमा लिएर बगेकी काली गण्डकी धन्य छिन् । यस्ती नदी हाम्रो देशको बिच भागबाट बगेकी छन् । हाम्रो देश धन्य छ ।

कालीगण्डकीका किनारमा विभिन्न घाट छन् । मानिसको मृत्युपछि लास जलाउने, लास गाड्ने पनि यिनै घाटमा हो । मानवको अन्तिम संस्कार समेत गराइने यी घाट हाम्रा सम्पदा हुन् ।

गलेश्वरधामको आसपासमा रहेको तातोपानी पनि प्रख्यात छ । यहाँ ठाउँठाउँबाट तीर्थयात्री जाने गर्दछन् । त्यहाँको तातो पानीमा शरीरलाई डुबाएपछि रोग निको हुन्छ भन्ने जनविश्वास छ । हाल यहाँ दैनिक ठूलो संख्यामा तीर्थयात्री एवम् पर्यटकहरू स्नान एवम् अवलोकनको निम्ति आउने गरेका छन् । यसै तातोपानी कुण्डका कारण यहाँ ठूला ठूला होटल तथा रेष्टुरेण्ट समेत सञ्चालन भएका छन् ।

काली गण्डकीकामा थुप्रै झोलुङ्गे पुल बनेका छन् । ती पुल संसारका अग्ला र लामा पुल भनेर चिनिन्छन् । यिनै पुलबाट धार्मिक पर्यटक र अन्य यात्री ओहोरदोहोर गरिरहन्छन् ।

विकासको निहुँमा कुनै पनि नदी उत्खनन गरेर बालुवा निकाल्न हुँदैन । हिजोआज कालीकिनारमा बालुवा झिक्ने काम भएको छ भन्ने सुनिन्छ । यो गलत कार्य हो । त्यस्तै नदीमा प्रदूषण मिसाउन हुँदैन ।

अन्त्यमा, हाम्रो देशभरि देवीदेवताका मठ मन्दिर छन् । देउराली छन् । देशमा बगेका नदीहरूले अनेक तीर्थस्थल बनाएका छन् । यी तीर्थलाई हामीले जोगाउनुपर्छ ।

कालीगण्डकीका गर्भमा रहेका शालिग्राम नहराऊन् । नेपाली उखान छ –माल पाएर चाल पाउनुपर्छ । नत्र बाँदरको हातमा नरिबल हुन बेर लाग्दैन । नेपालको मध्यभाग रोजेर भगवान् जन्माउँदै बगेकी यी काली गण्डकीको महत्त्व बुझौँ । यी नेपालका सबै नदीको जस्तै पवित्र जल भएकी यी नदीको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।❖

–बूढानीलकण्ठ

शतक्रतु अर्थात् देवराज इन्द्र



-मोहनप्रसाद आचार्य

श्वेतहस्ति समारुदं वज्राङ्कुशल सत्करम्।
सहस्त्रनेत्र पीताभमिन्द्र हृदि विभावये ॥ (तत्त्वनिधि)

तत्त्वनिधि भन्ने संस्कृत ग्रन्थले देवराज इन्द्रलाई श्वेत वर्ण भएको, हातमा वज्र र अङ्कुश लिएको, सहस्त्र (हजार) आँखा भएको, ऐरावत नामक हात्ती वाहन भएको, सूवर्णजस्तो वर्ण भएको देवताको रूपमा वर्णन गरेको पाइन्छ। देवराज इन्द्र महर्षि कश्यप तथा आदितीका पुत्र हुन्। साक्षात् भगवान् वामन अर्थात् (त्रिविक्रमावतार)का दाजु पनि हुन्। दैत्यराज पुलोमाकी पुत्री शनिसँग विवाह गरेका इन्द्रका जयन्त नामक पुत्र र जयन्ती नामकी पुत्री भएका थिए। हाम्रो सबै भन्दा प्राचीन ग्रन्थ वेद हो। चारओटा वेदमा नै नाम आउने अर्थात् सबै भन्दा बढी नामोचरण सहितका मन्त्रहरू ऋग्वेदमा देवराज इन्द्रकै उल्लेख भएको पाइन्छ। हाम्रा अन्य पौराणिक ग्रनथहरूमा समेत कुनै न कुनै रूपमा इन्द्रको वारेका कथा र उनका क्रियाकलापहरू देख्न पाइन्छ। हाम्रो अन्य कर्मकाण्डसँग सम्बन्धित ग्रन्थहरूमा आठलोकपाल, दश दिक्पालहरूको वर्णन आउँछ। चाहे दश दिकपाल होस् वा आठलोक होस् पूर्व दिशाको अधिपति मालिक, राजा तथा देवताको रूपमा यिनै इन्द्रलाई मानिने, पूजा गर्ने परम्परा छ।

देवराज इन्द्रलाई शतक्रतु, सहश्राक्ष, पाकशाशक आदि नामबाट चिनिन्छ। देवताहरूका राजा माानिने इन्द्र अलकापुरी अर्थात् स्वर्गका राजा पनि हुन्। आफ्नो मनलाई बसमा राख्न नसक्ने, अरूको तपरूपी धन त्यसवाट प्राप्त हुने वैभव, मान, उन्नतिमा इर्ष्या गर्ने, पटक पटक दैत्यहरूसँग पराजित भएर भाग्दै गुफा कन्दरामा वसोवास गर्ने राजाका रूपमा पर्दछन्। वारम्वार भगवान् विष्णु, भगवान् शङ्कर तथा आदि प्रजापति ब्रह्माजीको सहयोग समर्थनमा स्वर्गको राज सिंहासनमा वस्ने गरेको देखिन्छ।

ऋगवेदको ८/३/६ मा भनिएको छ- जव राहुको आक्रमण अर्थात् ग्रहणबाट सूर्य प्रकाशित हुन पुग्दछन् त्यो बेला शतक्रतुद्वारा नै असूरलाई पराजित गरी सूर्यलाई प्रकाशयुक्त पारिदिने, सूर्य तथा चन्द्र नआएको वखत सूर्य तथा चन्द्र वनेर जगत्लाई उज्यालो दिने देवताको रूपमा यिनै शतक्रतुलाई लिइएको पाइन्छ। उनले इन्द्रतीर्थ नामक तीर्थमा १०० यज्ञ गरेका थिए। यही १०० यज्ञ गरेका कारणले देवेन्द्र इन्द्रको नाम शतक्रतु भएको बुझिन्छ।

पूर्व दिशाको साथ साथै मर्त्य तथा पाताल तीनै लोकको स्वामी अर्थात् अधिपति भनी हेर्ने तथा मान्ने पनि गरिन्छ। त्यसैले इन्द्रलाई देवता भनी पूजा, अर्चना र ध्यान गर्ने गरिन्छ। ऐरावत हात्तीलाई वाहन बनाएका, हातमा वज्र नामक हतियार धारण गरेको वास्तविक स्वरूप नै देवराज इन्द्रको स्वरूप हो भन्ने बुझिन्छ। लोक पितामह ब्रह्माजीबाट ब्रह्मज्ञान प्राप्त गरेका आयुर्वेदका आदिज्ञाता, अध्यात्म ज्ञानले समेत युक्त भएका शतक्रतु इन्द्रले आफ्नो कर्मद्वारा नै इन्द्रत्व प्राप्त गरेको भन्ने बुझिन्छ।

भाद्र कृष्ण त्रयोदशी पूर्व भाद्र नक्षत्र परेको समयमा गुरु बृहस्पतिबाट अर्ति तथा उपदेश प्राप्त गरी तपको लागि रत्नकोटि नाम गरेको हिमालयतर्फ गएका थिए इन्द्र। यस ठाउँमा बसेर १०० वर्ष भन्दा बढी भगवान् शिवको तपस्या गरे-

अरुरोह ततः शक्रो रत्नकोटिं हिमाचलम्।
हिमैः प्रभूषिते कुटे बबन्धासनभादृत ॥ (हिमवत्खण्ड १२/३९)

तपबाट प्रसन्न हुनु भएका महादेवले आजदेखि तिमी देवताहरूका पूज्य इन्द्र हुनेछौ। तिमी स्वर्ग अमरावतीको स्वामी हुनेछौ भनी पूर्व दिशाको पालना गर्ने पद दिनु भयो। शास्त्र तथा हाम्रा कर्मकाण्डरूपी ग्रन्थहरूमा पूर्व दिशामा नै इन्द्रको स्थान भएको देखिन्छ। यसरी भगवान् शिवले त्यो लोकको नाम प्रचिनबर्हि हुनेछ भनी पूर्वदिशाको शासकका साथ लोकपाल बनाउनु भएको देखिन्छ।

हाम्रै हिमालय क्षेत्र रत्नकोटिमा देवर्षि नारद, गन्दर्भहरूको साथमा ब्रह्मा, देवगुरू वृहस्पतिहरूको आगमन भयो। ब्रह्मा तथा देवगुरू वृहस्पतिले वेदमन्त्रद्वारा

अभिषेक गरी अमरावतीको राज्य र ऐश्वर्य प्रदान गरेको देखिन्छ । स्वर्गाधिपतिको पद्वी प्राप्त गरेपछि पुलोमा नामक दानवले आफ्नी पुत्री शचिसँग विवाह गरिदिएको प्रसङ्ग पाइन्छ । आफ्नो कर्मद्वारा इन्द्रत्व प्राप्त गर्ने शतक्रतु त्रेता युगमा वानरराज बालीको पिताका रूपमा देखिन्छन् । यसै समयको काव्य रामायणमा देवराज इन्द्रलाई कामाशक्त भोगिको रूपमा चित्रण गरिएको देखिन्छ । यिनैबाट गौतम ऋषिको धर्म पत्नी अहिल्याको सतित्व नष्ट गरेको,

गौतमबाट दुष्टताको लागि यिनको शरीरमा एक हजार स्त्रीको योनी हुने श्राप दिएको देखिन्छ । महाभारतकालीन समयमा अर्जुनका पिताको रूपमा देखापरि अर्जुनलाई सहयोग पुऱ्याउने स्वर्गका राजाका रूपमा देखापर्दछन् ।

जव देवराज इन्द्र स्वर्गको राज सिंहासनमा बस्न पुग्दछन्, त्यसवेला एउटा उन्माद, कामासक्त भोगिराजाको रूपमा पनि देखापर्दछन् । कसैले तप गरेर वरदान स्वरूप स्वर्गको अधिपति बन्ला भन्ने ईर्ष्याले वारम्वार देवता ऋषि र राजाहरू (जसले तपनै धन ठान्दथे) उनीहरूको तप विघ्न गर्ने चेष्ठा गर्दथे । सबै पुराणहरूमा कुनै न कुनै भूमिकामा देखा पर्ने इन्द्रको स्वभाव कहिले कुपित त कहिले नम्र 'राजाको रूपमा देखिन्थ्यो । आफ्नो गुरू बृहस्पतिलाई अनादर गरेको कारणले बृहस्पतिले स्वर्गको गुरूत्व र पौरोहित्य पदलाई समेत त्याग गरेका थिए । त्वष्टाका पुत्र विश्वरूपलाई स्वर्गको पुरोहितको रूपमा वरण गरे । वरण गरेको विश्वरूपबाट 'नारायण कवच' नामक अभेद्य कवच प्राप्ति पछि विश्वरूपकै वध गर्न पुग्दछन् देवराज इन्द्र । यसैको वधको कारणले गर्दा ब्रह्महत्या रूपी पापको सामना पनि गर्न पऱ्यो । त्वष्ठा ऋषिको पुत्र वधको कोपाभाजनमा समेत पर्नुपऱ्यो । त्वष्ठाको यज्ञबाट उत्पन्न भएको वृत्राशुरको वध गर्नको लागि ऋषिश्वर दध्याङ् अथर्णव अर्थात् दधिचि ऋषिसँग गएर उनको प्राणको याचना समेत गर्नुपऱ्यो । दधिचि ऋषिद्वारा उच्च मानव सेवा तथा उपकारलाई स्मरण गरेर आफ्नो देह शवक्रतुलाई अर्पण गरिदिनु भयो । यिनै ऋषिको हड्डीबाट वज्र नामक हतियारको निर्माण गरी त्वष्ठाको यज्ञबाट प्रकट भएका वृत्रासुरको वध गरेको प्रसङ्ग पुराणहरूमा पाइन्छ ।

आवेश, क्रोध, भोगले गर्दा देवराज इन्द्र कैयौं पटक स्वर्गबाट पतन हुन गएको देखिन्छ । अरूले गरेको तप र उन्नतिको सदैव इर्ष्या गर्ने बानी देवराज इन्द्रमा देखापर्छ । आफ्नो वृहद् स्वार्थको लागि बालीपुत्र विरोचनको वध मात्र गरेनन्

गुरू स्वीकार गरेका विश्वरूपबाट अभेद्य कवच जसलाई नारायण कवच भनिन्छ त्यसलाई प्राप्त गरेपछि गुरूको वध गर्न समेत संकोच मानेनन् । अनेक सुन्दरी तथा अप्सराहरूमा रमण गरी मद तथा मदिराबाट उन्मत्त बन्ने आदतले अनेकौ पटक स्वर्गबाट पतन पनि हुन गए । यति हुँदा हुदै पनि देवताहरूको असिम कृपा प्रसाद प्राप्त गर्न सफल भए । यसको फलस्वरूप स्वर्गको अधिपतिको स्थान बनाइ राख्न सफल भए । वेदमा पहिलो नम्वर स्थानमा इन्द्रको नाम आउने मन्त्रहरू देखापर्छ । हरेक मन्वन्तरमा इन्द्रको पद परिवर्तन हुने भएकोले सप्तऋषिहरू पनि स्वर्गको अधिपति अर्थात इन्द्र बन्न पुग्ने छन् । यो सातौं मन्मन्तर अहिले पुरन्दर देवराज इन्द्र भएका छन् भनिन्छ ।

हरेक पुराण, उप पुराणहरूमा नाम आउने पात्र हुन् देवराज इन्द्र । यस्ता इन्द्रलाई देवताकै रूपमा ग्रहण गरी आज्यहवि दिने हाम्रो शास्त्रीय मान्यता पनि छ । द्वापर युगको अन्ततिर जव भगवान् श्रीकृष्ण प्राकट्य भै अनेक प्रकारका लीलाहरू गर्न लागे । यस समयसम्म देवराज इन्द्रको पूजा गर्ने प्रचलन भएको पाइन्छ । श्रीमद्भागवत तथा विष्णुपुराणमा भगवान् कृष्णले देवराज इन्द्रको पूजा गर्ने आफ्नो पिता नन्दराय तथा ब्रजवासीको आसयलाई बुझी गोवर्धन गिरिको पूजा गराउनु भयो । सम्पूर्ण ब्रजवासीहरूले गोवर्धन गिरिको पूजा, अर्चना गरे ।

गोवर्धनको पूजा अर्चनाबाट आफ्नो हवि तथा आज्य भाग समेत नष्ट भएको बुझी देवराज इन्द्रले व्रज नै नष्ट पार्ने गरी वर्षा गराए । परन्तु भगवान् कृष्णद्वारा गोवर्धन धारण गरी व्रज तथा व्रजवासीलाई बचाएको पाइन्छ । ७ दिनसम्मको लगातार वर्षा, हुरि तथा असिनाबाट व्रजको रक्षा गरेकोदेखि देवराज इन्द्रको आफ्नो शेखी तथा घमण्डलाई रोकी भगवान् शरण पर्ने विचार गरे । यसको फलस्वरूप देवराज इन्द्र आकाश गङ्गाको जलको साथै ऐरावतको साथमा कृष्ण समक्ष प्रस्तुत भए । आकाश गङ्गाजलले भगवान्को अभिषेक तथा स्तवन गरे–

अथोपबह्यादादय धण्य मैरावताद् गजात् ।
अभिषेकं तथा चक्रे पवित्र जलपूर्णया ॥

देवराज इन्द्र आयुर्वेद शास्त्रका ज्ञाता थिए । भरतद्वाज जस्ता आचार्य (ऋषि)हरू पनि आयुर्वेद शास्त्रको ज्ञान लिन देवराज इन्द्र कहाँ गएका थिए भन्ने बुझिन्छ । वैदिक समयदेखि नै देवत्वको अस्तित्वमा आएर सबै लोकको जगेर्ना गर्ने, संहार, प्रहारबाट बचाउने कुशल राजाको रूपमा देखिने, वर्षाका देवताको रूपमा समेत देखापर्दछन् ।

नेपालमा इन्द्रको पूजा गर्ने प्रचलन कहिलेबाट शुरू भयो भन्ने यकिन मिति नभएता पनि लिच्छवी काल भन्दा आगाडिबाटै शुरू भएको थियो भन्न सकिन्छ । नेवारी भाषामा भाद्र महिनालाई यला भनिने र यो यलाको माने इन्द्रकै महिना हो भनिन्छ । यस महिनामा इन्द्रको पूजाको साथै ८ दिनसम्म इन्द्र जात्राको उत्सव मनाइने गरिन्छ । हिजोआज उपत्यकाभन्दा वाहिर पनि इन्द्रध्वज स्थापना गर्ने, इन्द्रको नाममा लिङ्गो गाड्ने लगायतका कार्य गर्न थालिएको छ ।

इन्द्रको पूजाका सम्बन्धमा केही रोचक लोकोक्तिहरू प्रचलित छन् । कुनै समय देवता दानवहरूको बीचमा भयङ्कर युद्ध भयो । स्वर्गका सम्पूर्ण देवताहरू एकसाथ दैत्यसँग लड्दा पनि विजय पाउन सकेनन् । पराजित देवताहरू भगवान् विष्णुको शरणमा गए । भगवान् विष्णुले एउटा ध्वजा देवराज इन्द्रलाई दिनु भयो । हे इन्द्र ! अवदेखि यो ध्वजा इन्द्रध्वजबाट प्रसिद्धि पाउने छ । जसले यो ध्वजाको पूजा गर्नेछ, उसको जहिले पनि विजय हुनेछ भनी वरदान दिँदै नारायण अन्तरध्यान हुनुभयो । त्यही ध्वजालाई पूजागरी उभ्याएपछि देवताहरूले विजय प्राप्त गरे । यसै विश्वासलाई आत्मसाथ गर्दै नेपाली जनमानसमा लिङ्गो गाड्ने र त्यो लिङ्गोको पूजा गर्ने चलन रहँदै आएको देखिन्छ । नेपालका कतिपय ठाउँहरू, चोकहरू उनकै नामबाट नामाकरण गरिएको पनि बुझिन्छ । इन्द्रका मन्दिरहरूकै नामबाट ठाउँको नामाकरण पनि हुन गएकोले लोकपाल तथा दिकपालमा स्थान ओगटेका इन्द्र (शतक्रतु)को पूजा जात्राको प्रचलन शुरू भई आजसम्म रहेको कुरालाई नकार्न भने सकिन्न ।❖

चाँगुनारायण न.पा– ३ भक्तपुर

सन्दर्भ सामग्रीहरू

१. हिमवतखण्ड, वेणिमाधव ढकाल
२. विष्णुपुराण, गीताप्रेस
३. नेपाली चाड पर्वको विवेचना मानवज्र वज्राचार्य २०७६

चेतना यात्रा

डा. चिन्तामणि नाथ योगी

सम्प्रदाय

सम्प्रदायहरूले मूलतः भन्ने हो भने हाम्रो सनातन धर्मलाई अभिसिञ्चनको काम गरेका छन् । हाम्रो सनातन धर्म दर्शनलाई अत्यन्तै विस्तृत र अनन्ततातर्फ डोऱ्याउनका लागि साह्रै ठूलो भूमिका निर्वाह गरेका छन् । सम्प्रदायहरूको विकास नभएको भए शायद धेरै ग्रन्थहरू, दर्शनहरू, अवतारहरू, पद्धतिहरूको पनि विकास हुने थिएन । तर अहिले कालान्तरमा आएर सम्प्रदायका नाममा जुन प्रकारले स–साना पन्थहरू विकसित भएका छन् तिनले हाम्रो सनातन धर्म र दर्शनलाई, सनातन जीवनधारालाई कमजोर पनि बनाए । वैदिक, बौद्ध, जैन, सिख, किराँत, बोन आदि सम्प्रदायका आआफ्ना ठाउँमा आफ्ना सुन्दर महिमा र विशेषता छन् । त्यसलाई हामी स्वीकार गर्दछौँ सम्मान गर्दछौं र आआफ्नो ठाउँमा आ–आफ्नो तरिकाले अभ्यास पनि गर्दछौं ।

पछिल्ला समयमा विकसित भएका सम्प्रदायका सम्बन्धमा केही मूलभूत प्रश्न उठेको पनि देखिन्छ—

– कुनै विशेष आचार्य बिना, विशेष दर्शन, विशेष ग्रन्थ र विशेष सूत्र बिना पनि के सम्प्रदायको विकास गर्न मिल्छ र ?

– जब कुनै नयाँ चिन्तन दर्शन नै दिन सकिन्न, द्वैतवाद, अद्वैतवाद वा द्वैताद्वैतविलक्षणवाद जस्तो, के त्यो बेलामा पनि नयाँ सम्प्रदाय वा धर्म भनी आफै फलाक्न मिल्छ र ?

– जब कुनै विशेष ग्रन्थ (ब्रह्मसूत्र, त्रिपिटक, आगम सूत्र, गोरखबानी आदि जस्तो) दिन सकिन्न भने त्यत्तिकै नयाँ सम्प्रदाय शुरू गर्न मिल्छ र ?

– सम्प्रदाय भनेको नयाँ चिन्तन, नयाँ दर्शन, नयाँ सिद्धान्त नयाँ शूत्र हो ? वा केवल नयाँ लकेट, नयाँ माला, नयाँ फोटो र नयाँ आवरण मात्रै हो ?

– अहिले चलेका स–साना उपसम्प्रदायहरूले, धार्मिक समूहहरूले समग्रमा समाजलाई जोड्नका लागि बल पुऱ्याएका छन् त ? सनातन जीवन धारालाई दर्शनलाई वृक्षलाई सम्मानित बनाएका छन् वा अपमानित ? सनातन जीवन वृक्षसँग अलग्गिएर आफ्नै अहंकार र स्वार्थमा प्रेरित भएर व्यवसायिक रूपले खोक्रो बनाएका छन् वा छैनन् ?

– "त्यागेनैकेकमृतत्वमानशुः" भनी वेदहरूमा उल्लेख गरिए अनुसार मात्र त्याग नै अमरताको, मुक्तिको आधार हो भन्ने कुरालाई चटक्कै भुली ठूलाठूला आश्रम मन्दिर गुम्बा विहार धार्मिक केन्द्र आदि बनाउने होडबाजीले व्यावसायिकता बढायो वा आध्यात्मिकता बढायो ?

यसरी सरसर्ती हेर्दा सम्प्रदायहरूमा बढ्दै गएको व्यावसायिकताले सनातन धर्मलाई कमजोर बनाउँछ, समाजलाई अध्यात्मबाट झन् बिमुख बनाउँछ, नास्तिक बनाउँछ । झन् त्यसमा पनि सम्प्रदाय भन्दा पनि तल गिरेर अहिले चलेका धार्मिक समूहहरूले त लकेट र फोटोहरूकै बढी व्यापार गरेको हेर्दा अनौठो लाग्छ । सदस्यताकै माध्यमबाट मेरो समूह ठूलो हो, मेरो गुरू ठूलो हो भन्ने प्रचार गरेको हेर्दा कुनै पार्टीको प्रचार हो वा कुनै कम्पनीको प्रचार हो भनी चिन्ता गर्नुपर्ने अवस्था पनि देखिन्छ ।

साधना विधिहरू

साधनाका विधिहरू धेरै प्रकारका छन् । 'यो विधि मात्रै राम्रो हो वा त्यो विधि नराम्रो हो' भनी तोक्न कदापि मिल्दैन । देश काल परिस्थिति अनुसार त्यही विधि पनि कहिले बढी उपयुक्त हुन सक्छ भने कहिले त्यही अनुपयुक्त हुन पनि सक्छ ।

गीतामा भगवान् श्रीकृष्णलाई अर्जुनले मनको नियन्त्रण गर्न सकिन्न (असंशयं महाबाहो मनो दुर्निग्रहं

चलम्) भनी आफ्नो चिन्ता र जिज्ञासा व्यक्त गर्दा भगवान् श्रीकृष्णले अत्यन्तै उत्कृष्ट दार्शनिक उत्तर दिएका थिए– अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते । अर्थात् अभ्यासद्वारा एवम् वैराग्यद्वारा मनको नियन्त्रण गर्न सकिन्छ । यहाँनेर गहिरो बुझ्नुपर्ने दार्शनिक सूत्र के छ भने भगवान् श्रीकृष्णले पनि अर्जुनलाई यही नै सर्वोत्तम साधना हो, सर्वोत्तम विधि हो वा अध्यास हो, यसको मात्रै परिपालन गर भनेर कुनै निश्चित सीमामा, सूत्रमा बाँध्नुभएन । कति महान् सन्देश ! यसले के सिद्ध गर्छ भने अनेकौ प्रकारका साधनाका विधिहरू मध्येमा साधकले आफ्नो स्वभाव, रूचि र क्षमता अनुसार आफ्नो लागि कुन विधि उपयुक्त हो भनेर अन्त्यमा स्वयं निर्णय गर्नुपर्ने हुन्छ ।

अहिले साधनाका क्षेत्रमा देखिएका यस्ता अलमलले साधकहरूलाई विचलित बनाएको पनि देखिन्छ । एउटै लट्ठीले सबै गाईगोरूलाई हांक्न सकिन्न भनेको जस्तै एउटै साधना विधिले सबैलाई जगाउन सकिन्छ वा सकिन्न भनेर उदारतापूर्वक चिन्तन र निर्णय गर्नु आजका लागि आवश्यक छ । समयमै साधनाका विधिबारे उदारता अपनाउन सकिएन भने गुरूहरूका बिचमा पनि प्रतिस्पर्धा बढ्दै जानेछ तथा साधकहरू अन्योलमा अन्धकारमा फस्दै जाने डरलाग्दो समस्या पनि बढ्दै जानेछ । साथै धार्मिक उपनिवेशवादको खतरा पनि झन् झन् बढ्दै जानेछ । त्यसैले साधनाका सम्बन्धमा केही बुँदाहरूलाई विषयगत रूपमा चिन्तन गर्नुपर्ने अत्यन्तै आवश्यक देखिन्छ, जस्तै –

क) कुनै गहन साधनामा लाग्ने बेलामा आफ्नो उमेर, आवश्यकता र स्वभावलाई गहिरिएर हेर्ने वा नहेर्ने ?

ख) गृहस्थ धर्मको समग्र परिपालन गर्न नसक्नेहरूले झन् कुनै गहन साधनामा वा कठोर साधनामा लाग्न उचित हुने वा नहुने ?

ग) गृहस्थ जीवनका आवश्यक कर्तव्यहरूको समुचित परिपालन छाडी श्रीमान वा श्रीमतीको आपसी सहमति बिना नै एक्लै कुनै कठोर साधना गर्दा त्यसले परिवारलाई जोड्नमा सहयोग पुर्याउँछ त ?

घ) हाम्रा पुर्खाहरूका जुन उपदेशहरू थिए– तीर्थ गर्दा श्रीमान्, श्रीमती संगै जानु, विशेष पूजा अनुष्ठान गर्दा श्रीमान् श्रीमती दुबैले मिलेर गर्नु, कुनै विशेष दान व्रत अनुष्ठान आदि गर्दा पनि श्रीमान श्रीमतीले सँगै मिलेर गर्नु आदि– यस्ता अनुभवजन्य सिद्ध सन्देशहरूलाई छाडेर कुनै गुरूविशेषको पछि लागी अचानक कुनै कठोर साधनामा होमिंदा समुचित सन्तुलित रूपले अघि बढ्न सकिन्छ वा सकिन्न ?

ङ) साधना मूलतः व्यक्तिविशेषका लागि हो, व्यक्तिविशेषको समुन्नति र कल्याणका लागि हो । तर के व्यक्ति परिवारसँग, समाजसँग, पुर्खाहरूसँग र राष्ट्रसँग जोडिएको छैन र ? यस्तो उज्यालो यथार्थलाई हठात् भुली साधना गर्नु सहज हुन्छ वा बोझ हुन्छ ? भन्ने बारेमा सोच्नु पर्दैन र ?

च) आफ्नै साधनामा गहन रूपले पारंगत नभएका गुरूहरूले पनि साधनाका नाममा सिकारू साधकहरूको कल्याणको, मुक्तिको ठेक्का लिएर आशीर्वाद दिनु के साँचिकै उपयुक्त हुन्छ र ?

छ) असल गुरूहरूले पनि 'मैले तिमीलाई मार्गदर्शन गर्ने त यहाँसम्म मात्रै हो, योभन्दा अगाडिको मार्गदर्शन त फलानो गुरूले गर्ने हो' भन्ने खालका हाम्रा सनातन परम्पराका दृष्टान्तहरूलाई चटक्कै भुली 'म नै तिम्रो अन्तिम द्वार हुँ, मैले सिकाएको कुराको मात्र अनुसरण गर, अभ्यास गर' भनेर कुनै निश्चित मालामा, फोटोमा, मन्त्रमा खुम्चाइदिनाले साधकको अनन्त चेतना यात्रामा अवरोध पुग्दैन र ?

ज) श्रीमान्‌ले श्रीमतीको वा श्रीमतीले श्रीमान्‌को सहज सहमतिबिना नै कुनै कठोर ध्यान साधना व्रत, अनुष्ठान गर्दै जाँदा परिवारको विखण्डन हुने सम्भावना बढ्दैन र ?

झ) सनातनकालीन पुर्ख्यौली आदेश उपदेश अनुसार नै समग्रमा सहज श्रद्धाभावेन गृहस्थ धर्मको परिपालन मात्र गर्दा पनि आत्मज्ञान र कल्याण हुँदै जाने र अन्त्यमा वानप्रस्थ आश्रम र संन्यास आश्रमको पनि मार्ग प्रशस्त हुँदै जाने हाम्रो अनुभवसिद्ध परिपाटी हुँदाहुँदै पनि अचानक कुनै कठोर साधना गर्दा साधक घरको न घाटको हुँदैन र ?

चेतना यात्रा

अहिलेको बदलिँदो परिस्थितिमा अनेक कारणले मानिस व्यस्त भइरहेको सन्दर्भमा समग्रमा चेतना यात्रा कसरी गर्न सकिन्छ त ? आध्यात्मिकता, नैतिकता,

सकारात्मकता, समन्वय, सद्भाव र समृद्धि सहित कसरी जीवन यापन गर्न सकिन्छ ? भनेर गहिरो रूपमा सोच्नुपर्ने बेला आएको छ । स्वयं पनि अमेरिका युरोप अष्ट्रेलिया आदि मुलुकको निरन्तर भ्रमण गरेको करिब करिब ३० वर्षको अनुभवको आधारमा, साथै आमाबुबा गुरू लगायत मान्यजनहरूको आशीर्वाद सहित संस्कृतको अध्ययन गरेको आधारमा तथा विद्यापीठहरू, गुरूकुलहरू, आश्रमहरू, अनाथालयहरू, बालगृहहरू, सेवा केन्द्रहरू करीब ४० वर्षदेखि सञ्चालन गरी प्राप्त अनुभवको आधारमा भन्नुपर्दा सन्तुलित सहज सकारात्मक यात्रा नै चेतना यात्रा हो र त्यो नै अहिले हामी प्रत्येक मानवको, प्रत्येक नेपालीको र प्रत्येक सनातनीको मूल आवश्यकता हो ।

समग्रमा सनातन जीवन दर्शन अनुसार आफ्नो जीवनको परिपालन गर्न सनातनरूपी महान् ज्ञानसागरबाट आफ्नो अनुकुलता, क्षमता, स्वभाव र प्रवृत्ति अनुसार कति पानी चाहिएको छ उति लिएर पान गरेर, स्नान गरेर कर्तव्यको पालन गर्दै जाने र आनन्दमा रम्दै जाने । केवल बाल्टीमा वा लोटामा खुम्चिएर नबस्ने । गुरूहरूले पनि केवल लोटामा, बाल्टीमा वा ड्रममा डुबाइदिएर 'यो नै तेरो संसार हो' भनेर निजको अनन्त यात्रामा छाप लगाइदिएर यात्रा अबरूद्ध नगराइदिने । यसैगरी समग्रमा नेपाली भएर नेपाल र नेपालीका लागि सम्मानपूर्ण सस्नेहपूर्ण यात्रा गर्ने । जाति समुदाय सम्प्रदाय क्षेत्र पार्टी, जिल्ला आदिका नाममा नटुक्रिने, नखुम्चिने । जो जहाँ बसे पनि नेपाल आमाको जय भन्ने । हामी सबै नेपाली हौं भन्ने भावका साथ एकले अर्कालाई सहयोग गर्ने, सम्मान गर्ने, स्वीकार गर्ने । उपनिषद्मा "सह नाववतु सह नौ भुनक्तु..' भनेको पनि यही हो । बुद्धले "संघं शरणं गच्छामि" भनेको पनि यही हो ।

यसैगरी समग्रमा मानवीय मूल्यमान्यताको विकास गर्ने । मानवताको गहिरो अनुभूति सहित जीवनलाई उत्प्रेरित गर्दै जाने । अभेदभावेन विश्वका सबै धर्मलाई, सम्प्रदायहरूलाई, आचार्यहरूलाई अवतारहरूलाई सम्मान गर्दै आफ्नो मूल परम्परा, कुल परम्परा, माटो परम्परा, मष्टो परम्परा र समग्रमा ओमकार परम्परालाई बचाउने, बढाउने ।

चेतना यात्रा भनेको शारीरिक, बौद्धिक मानसिक, भावनात्मक प्रगति साहित आध्यात्मिक प्रगति गर्नु हो । सहज सन्तुलित निरन्तर यात्रा गर्ने हो । न कतै अनावश्यक निषेध छ न त कतै अनावश्यक अनुरोध छ । न आग्रह, न कुनै पूर्वाग्रह, निरन्तर यात्रा गर्दै जाने, चरैवेति चरैवेति भनेको जस्तै ।

चेतना यात्रा भनेको यात्राप्रतिको पूर्ण समर्पण हो, गन्तव्यप्रतिको धेरै चिन्ता होइन । गुरू गोरखनाथले 'सहजै रहिबा' भनेको जस्तै सहजरूपले चेतना यात्रा गर्दै जाने । मूलतः यात्रामै समर्पण छ, संकल्प छ भने गन्तव्यमा जुन दिन जहिले जसरी पुग्ने हो पुगिहालिन्छ नि । त्यसको बारेमा धेरै चिन्ता किन ? समग्र ध्यान, समग्र समर्पण मात्र यात्रामा राख्ने । चेतना यात्रा भनेको परिवारसँग, समाजसँग वा कुनै सम्प्रदाय आदिसँग उछिट्टिएर गर्ने एकाकीपनको यात्रा होइन । मंगलभाव सहित एकताको यात्रा हो ।

अहिले संसारमा देखिएको फास्ट फुडको चलन जस्तै Fast Blessing, Fast Medication, Fast Happiness जस्ता व्यवसायिक अभ्यासहरू पनि देखिएका छन् । त्यसबाट सावधान रही आत्मविश्वास आत्मगौरव सहित निरन्तर यात्रा गर्दै जाने यात्रा हो– चेतना यात्रा ।

चिन्ता र चिन्तन

– अहिले सम्प्रदायहरूमा देखिएको विद्वेष चिन्ताको विषय पो हो कि ?

– एक निश्चित ठाउँ, पद्धति, परम्परा र चिन्तनमा खुम्चिँदै जाँदा के अन्त्यमा आध्यात्मिकताको अनुभूति साच्चिकै हुन सक्छ र ? यदि सबैले विश्वको कल्याण र मानवताकै संरक्षण संवर्धन गर्न चाहेका हुन् भने अहिले आएर सम्प्रदायका नाममा देखिने विद्वेष ठीक हो त?

– ठूला ठूला मन्दिर गुम्बा केन्द्र आदि बनाउँदै जाने, करोडौं करोड खर्च गर्न पनि सक्ने तर त्यहीं नजिकै कुनै सानो पाठशाला, मन्दिर, सत्तल वा कुनै सनातन सम्पदा भत्किएको छ, जीर्णशीर्ण अवस्थामा रहेको छ, त्यहाँ मात्र केही हजारको लगानी गरिदिए पनि पुग्छ तर त्यसको दायित्व लिन नचाहने ! कसरी धर्मको रक्षा हुन्छ त ?

– नयाँ नयाँ धार्मिक समूहहरूले विभिन्न प्रकारका पद्धतिहरू र प्रविधिहरू अपनाएर आफ्ना सदस्यहरूको संख्या बढाउँदै

जाने ! Investment and return को नीति अनुसार आफ्नो संस्थाको विस्तार गर्दै जाने ! यस्तो परिपाटीले आध्यात्मिकताको विकास हुन्छ कि व्यावसायिकताको ? ओंकारको विकास हुन्छ कि अहंकारको ?

– स्वयं आफै रूपान्तरण नभएका आत्मज्ञानको प्रत्यक्ष अनुभूति नभएका गुरूहरूले, जोगीहरूले अरूको जिम्मा लिएर 'म तिम्रो कल्याण गराइदिन्छु' भनेर ठोकुवा गर्दा कसैको जीवनमाथि खेलबाड हुँदैन र ?

– गुरू, शास्त्र, सम्प्रदाय लगायत विभिन्न प्रकारका ध्यान भजनकीर्तन, पाठ आदि भनेका मात्र विधि हुन्, माध्यम हुन्, सहायक हुन् भन्ने कुरा नबुझी वा नबुझाई नयाँ सिकारू साधकलाई आफैमा खुम्चाई राखिदिनाले समग्र चेतनाको विकासमा, अनन्त यात्रामा चोट पुग्दैन र ?

– विश्वव्यापीकरणको नाममा मानवताका नयाँनयाँ आयामहरू बुझ्ने बुझाउने, सिक्ने सिकाउने नाममा सनातनकालीन आफ्नै मूल परम्परालाई, कुल परम्परालाई चटक्क भुल्दा पुर्खाप्रतिको अपमान हुँदैन र ?

– आफ्नो सनातन सन्देश भुल्न पाइन्छ र ? धर्मो रक्षति रक्षितः, राष्ट्रो रक्षति रक्षितः लाई अस्वीकार गर्न पाइन्छ र ?

निष्कर्ष

आध्यात्मिकताको यात्रा स्वतन्त्रताको यात्रा हो, सहज जीवनको, सम्यक् साधनाको यात्रा हो । कुन व्यक्तिमा कति सम्भावनाका बीजहरू लुकेर बसेका छन् ? त्यसको समुचित अध्ययन नगरी गुरूहरूले पनि जहाँ पायो त्यहाँ, जसरी पायो त्यसरी, जसलाई पायो उसलाई आफ्नो सदस्यको संख्या बढाउने क्रममा गहन साधना सूत्रहरू बताउन थाल्यौं भने यसले उल्टै दुष्प्रभाव पनि पार्न सक्छ । हाम्रा पुर्खाहरूले 'गीता पढेपछि बहुलाउँछ' भनेको सायद त्यही भएर होला । भगवान् श्रीकृष्णले पनि यही कुरा बुझेर अर्जुनलाई पनि गीता ज्ञान कुरूक्षेत्रमा मात्र दिएका हुन् । त्योभन्दा पहिले दिए पनि हुन्थ्यो नि कुनै उपयुक्त समय र स्थलमा । तर कुरूक्षेत्र नै किन रोजे त ? त्यही समय किन चाहियो त ? त्यही परिवेश र वातावरण नै किन चाहियो त ? भन्ने कुरा पनि भुल्नु हुँदैन ।

जुमज्ञानद्वारा सूचना दिन सकिन्छ तर साँचिकै चेतनाको बोध गराउन सकिन्छ त ? आधुनिक प्रविधिद्वारा आफ्नो नेटवर्क विस्तार गर्न सकिन्छ तर के साँच्चिकै अनुभूतिको विस्तार गर्न सकिन्छ त ? यस्ता कुरामा हामी सबै गुरूहरू, पण्डितहरू, विज्ञहरू, वाचकहरू समयमै उदार र सचेत बन्नुपर्छ । यसमा अनावश्यक प्रतिस्पर्धा गरेर भक्तहरूको अनि सदस्यहरूको संख्या त बढ्ला तर समग्रमा सनातन धर्मलाई हानि पनि पुग्नेछ भन्ने कुरा हामीले भुल्नु हुँदैन ।

भगवान् श्रीकृष्णले पनि गीताको अन्तिम अध्यायमा गएर अर्जुनलाई तिमीलाई जे उचित लाग्छ त्यहि नै गर भनी आदेश दिएका थिए – विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरू। ज्ञानयोग, भक्तियोग, कर्मयोग, राजयोग, ध्यानयोग, लययोग आदि सबै सिकाइ सकेर पनि यही नै गर नभनी 'यथेच्छसि तथा कुरु' मात्रै भनेका थिए । के यस Google युगमा आएर कुनै भक्त पाउनासाथ ग्राहक पाएको जस्तो, कुनै जिज्ञासुले सोध्नासाथ नयाँ सदस्य पाएको जस्तो झ्याप्प ठप्पा हान्न मिल्छ र ? तिम्रो कल्याण मैले नै गर्नेछु भनी टाउकोमा हात राखिदिन मिल्छ र ?

सबैले उदारतापूर्वक आध्यात्मिकताको गहन अनुभूति गर्ने कार्यमा स्वयं बढौं र अरूलाई पनि बढाऔं । यस चेतना यात्रामा स्वयं लागौं र अरूलाई पनि लगाऔं । तर यसमा कुनै सर्त नहोस्, कुनै परिधि नहोस्, कुनै सीमाङ्कन नहोस् । पार्टी चलाएको जस्तो वा कम्पनी चलाएको जस्तो नहोस् । कुनै व्यावसायिक एवं सामाजिक संस्था चलाएको जस्तो पनि नहोस् । धार्मिक यात्रामा पनि सदस्यता वितरण मात्रै गर्दै जाने हो भने; लकेट, फोटो र ब्यानर मात्र बाँड्दै जाने हो भने समाज धर्मकै नाममा पनि झन् अधर्ममा, अन्धकारमा फस्दै जान सक्छ । अतः धर्मको महान् मर्म बुझौं र बुझाऔं र अनन्त चेतना यात्रालाई बुझौं र बुझाऔं । गुरू गोरखनाथको वाणी सदैब सम्झि रहौं– हँसिबा खेलिबा धरिबा ध्यानं, अहनिशि कथिबा ब्रह्मगियानं । खावे पिवे न करे मन भंग, ते निहचल सदा नाथ के संग ॥ ❖

–हिन्दु विद्यापीठ, बालकुमारी, ललितपुर

स-संगीत

रामायण

पं केदारनाथ देवकोटा

हाम्रो वैदिक सनातन धर्ममा आधारित धेरै धर्म शास्त्रहरू छन् । चार वेद, १८ पुराण, गीतासँगै अन्य उपदेशमूलक धर्मग्रन्थहरू केही उदाहरणहरू हुन् । कुन शास्त्रमा के लेखिएको छ र कुन धर्मशास्त्र अध्ययन गर्दा सो शास्त्रले बयान गरे अनुरूप आफूलाई मन, बुद्धिमा कति परिवर्तन ल्याउँछ र आफ्नो जीवन माथि उठाउन कति प्रेरणा दिन्छ त्यसमा निर्भर गर्दछ । हुन त श्रीमद्भगवद्गीतामा मोक्षको विशेष व्याख्या गरिएको छ । श्रीमद्भागवतमा व्याख्या गरे अनुसार मोक्ष मार्ग अवलम्बन मानिसले घर, धन, सम्पत्ति, परिवार, इष्टमित्र, सबैलाई त्यागेर वैराग्य धारण गरी जंगलमा वा गुफामा सादा कपडा (नसिलाएको) पहिरिएर फलफूल वा हरिया सागपातको आहार गरी प्राप्त गर्न सक्छ । जनसंसर्गबाट अलग्गिएर शरीरको पनि केही मतलब नगरी बैरागिएर शरीर त्याग गर्नु नै मोक्ष मार्ग हो भन्ने बुझाइछ । तर यो कलियुगमा यस्तो नियमको पालन गर्नसक्ने व्यक्तिहरू दुर्लभै होलान् । रामायण अनुसार यहि गृहस्थाश्रममा बसी बसी पनि मानिसले मोक्ष पाउँछ भनी भगवान् श्रीरामले लक्ष्मणलाई रामगीतामा वर्णन गर्नुभएको छ । त्यहाँको एक श्लोक यस प्रकार छ–

मेरो यहि सगुण स्वरूप कन खुसी मानी भजन ध्यान गरून्
वा निर्गुण आत्मरूपमा लाएर यो मन धरून् ॥
ती दुवै मै तुल्य हुन ती मै हुँ सरीका वनी ।
गर्छन् सब भुव नै पवित्र तिनले कुल्ची दिदामा पनि ॥

भगवान्को आराधना गर्ने तरिका दुई वटा छन् । निर्गुण आत्माज्ञान र सगुण स्वरूप ध्यान । निर्गुणमा संसारिक कार्य केही हुँदैन केवल आत्मास्वरूपको ध्यान हुन्छ तर सगुणमा पूजा, पाठ, जप, दान, परोपकार र निरन्तर सगुण स्वरूपको चिन्तन हुन्छ । भगवान् श्रीरामले लक्ष्मणलाई गीतामा यहि आज्ञा भएको छ, माथि उल्लेखित दुवै प्रकारका आराधना गर्ने व्यक्ति मेरा लागि समान हुन्, त्यस्ता भक्तले टेकेको जमिन पनि पवित्र हुन्छ । विचारणीय



कुरा यो छ; हामी कुन खाले भक्ति गर्ने व्यक्ति हो ? यदि परिवारमा रहेर भगवान्को सगुण आराधना गरी मोक्ष लाभ लिन चाहना गर्ने व्यक्ति हो भने भगवान् श्रीरामको सचरित्रको श्रवण कीर्तन मनन गर्नुपर्छ ।

दिनरात श्रीराममा चित्त दिने व्यक्तिहरू जीवनमा सत्कर्म गर्दै आफ्नो धन सम्पत्ति, छोरा छोरी, इष्टमित्रका साथमै रहेर पनि हाँसी हाँसी शरीर त्यागेर मेरो शान्तनिक धाममा बास लिन जान्छ भनी श्रीरामचन्द्रले भन्नु भएको छ । मोक्ष प्राप्तिको लागि कहीं जानु पर्दैन ।

रामायणबाट हामीले पिता माताको आज्ञा पालना,

भातृत्व प्रेम, सौतेनी साइनो भइकन पनि राम लक्ष्मणको अकाट्य प्रेम, भरतले श्रीरामप्रति गरेको निस्वार्थ भक्ति, साथै श्रीरामचन्द्रले लिएको पत्नीव्रत पालन, सीताले गरेको पतिव्रता धर्म आदिका बारेमा बुझ्न सक्छौं । श्रीरामले आफ्नो राष्ट्रप्रति गरेको भक्ति, गुरूप्रतिको श्रद्धा, लंकामा विभीषणले राज्य अर्पण गर्दा देखाएको त्याग आदि रामायाणबाट बुझ्नु पर्दछ । भातृत्व प्रेम, पति पत्नी बीच प्रेममिलाप, सारा जनता भनेका आफ्नै सन्तान समान हुन् भनेर जनतालाई राष्ट्रले दिने सुविधाका सम्बन्धमा हालका राष्ट्र सञ्चालकहरूले समेत बुझ्न जरूरी छ । रामायण ग्रन्थ हरेक मनुष्यका लागि दिव्योपदेश सावित भएको छ, त्यसैले पनि राम चरित्र पढ्नु र श्रवण गर्नु अति आवश्यक मानिएको छ ।

विशेष सत्य, त्रेता, द्वापर कलि यी चार युग मध्ये हामी अहिले कलियुगको समयमा छौ । शास्त्रमा भनिएको छ :

सत्येन ध्यायते विष्णु त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्या च कलौ तद्धरि कीर्तनात् ॥

अर्थात्, सत्यमा तपस्या, त्रेतामा यज्ञ, द्वापरमा मन्दिर निर्माण एवम् पूजा र कलिमा हरि कीर्तनबाट भगवान् प्रसन्न हुनुहुन्छ । तसर्थ सम्पूर्ण देश विदेशमा बस्ने नेपालीहरूलाई यो संगीतमय रामायणले मन मस्तिष्कमा शान्तिको प्रभाव पारी जीवन जिउन अनुकुल बनाओस् र देहान्तपछि भगवान् श्रीरामको शान्तानिक लोक प्राप्ति हवस् भनी मर्यादा पुरूषोत्तम भगवान् श्रीरामसँग प्रार्थना गर्दछु ।

(स-संगीतमय रामायणमा लेखकको भूमिका)

विश्व स्वतन्त्र सञ्चारद्वारा प्रकाशित पं. केदारनाथ देवकोटाद्वारा लिखित 'स-संगीत रामायण' रामायणमा चासो राख्ने पाठकवर्गको निम्ति पठनीय पुस्तक हो । तुलसीकृत एवम् अध्यात्म दुवै रामायणलाई समेटी लेखिएको उक्त पुस्तकको सम्पादन वेदप्रसाद पन्तले गर्नुभएको हो भने प्रकाशन रामबहादुर भुजु श्रेष्ठ र हिरा नेपालले गर्नुभएको हो । बुद्ध पूर्णिमा २०८० को अवसरमा हालै मात्र प्रकाशन गरिएको यस पुस्तक विश्व स्वतन्त्र सञ्चार नयाँ वानेश्वर काठमाडौंले बजारमा ल्याएको हो । उषा एजुकेशन हाउसद्वारा मुद्रित कुल ६८० पृष्ठको सो पुस्तकको बजार मूल्य रू. ११०० /- राखिएको छ । सो पुस्तकको डिजिटल कपी USHA EDUCATION HOUSE को वेवसाइडमा समेत अध्ययन गर्न सकिने जनाइएको छ ।

जय गौमाता !

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

The Best Way to Visit Nepal
FOR SAFE, RELIABLE AND QUALITY SERVICE
KATHMANDU
NARITA
NEW DELHI
DOHA
DUBAI
RIYADH
HONGKONG
MUMBAI
BANGKOK
BANGALORE
KUALALUMPUR
OPERATING ROUTES
For detail information on flights, please contact your travel agent or us.
International Sales (Kathmandu)
Reservation : 4248625, 4248618, 4244055
Sales : 4248607, 4248614
Airport : 4113011, 4113211
Domestic Sales (Kathmandu)
Reservation : 4224497, 4248604
Tourist Sales : 4227133
Airport : 4470668
Nepal Airlines
Email: info@nac.com.np
Tel: 4220757, Fax: 4225348
www.nepalairlines.com.np

गतिविधि

विनु बाबाका दुई कृति लोकार्पित

सहप्राध्यापक डक्टर विनु बाबा अर्यालका 'गाई : एक विहंगम परिचय' र 'शब्दपुञ्जका भावलहरी' नामक दुई कृति एकैसाथ लोकार्पण गरिएको छ। गत वैशाख २२ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा कृतिकार अर्यालकी माता शिला भट्टराईको सभापतित्व एवम् वैंकटेश मन्दिर बत्तीसपुतलीका पीठाधीश श्री १००८ स्वामी पद्मधराचार्यको प्रमुख आतिथ्यमा एक विशेष समारोहको आयोजना गरी उक्त कृतिहरूको लोकार्पण गरिएको हो। सो समारोहमा शङ्कराचार्य मठ पशुपतिका प्रमुख संरक्षक श्री १००८ स्वामी डा. केशवानन्द गिरि, वाल्मीकि विद्यापीठका पूर्व प्राचार्य डा. ऋषिराम पोखरेल, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति, साहित्यकार विष्णुविभु घिमिरे, वरिष्ठ इन्जिनियर डा. शङ्करनाथ रिमाल, साहित्यकार मुना अर्याल लगायतका विशिष्ट व्यक्तित्वहरूको समुपस्थिति रहेको थियो।

'गाई : एक विहंगम परिचय' नामक पुस्तक गाईको धार्मिक, आध्यात्मिक, सामाजिक महत्त्व सहित यसका विशेषता लगायतका विषयमा केन्द्रित छ भने 'शब्दपुञ्जका भावलहरी' कविता संग्रहको पुस्तक हो।

प्रतिष्ठानद्वारा अभिनन्दन एवम् सम्मान

हिन्दु प्रतिष्ठान नेपालद्वारा विभिन्न व्यक्तित्वहरूलाई अभिनन्दन तथा सम्मान गरिएको छ। गत बैशाख ३० गते प्रतिष्ठानका अध्यक्ष समाजसेवी भक्तबहादुर तामाङ(कृष्ण)को सभापतित्व एवम् काठमाडौं महानगरपालिका वडा नं. ८ का अध्यक्ष आशामान संगतको प्रमुख आतिथ्यतामा आयोजित एक विशेष समारोहमा सो अभिनन्दन तथा सम्मान वितरण गरिएको हो। उक्त कार्यक्रममा राष्ट्रिय शिवसेना नेपालका अध्यक्ष विक्रम बम, शिवऔतारी लामा, रामबाबा लगायतका विशिष्ट व्यक्तित्वहरूको समुपस्थिति रहेको थियो। अभिनन्दन हुने व्यक्तित्वहरूमा संस्थापक अध्यक्ष एवम् हालका संरक्षक सुशील कोइराला, सो प्रतिष्ठानमा सक्रियतापूर्वक सेवा गर्दैआउनु भएका सदस्यहरू अञ्जन घिमिरे, यशोदा गोले, प्रेमसिंह कुवर र पोषणकुमारी श्रेष्ठ, सशस्त्र प्रहरी निरीक्षक लोकबहादुर थापा, धर्मराज गिरि र रविन कटुवाल हुनुहुन्थ्यो। यसैगरी सम्मान पत्र प्राप्त गर्नेहरूमा प्रहरी हवल्दारहरू तेजबहादुर तामाङ र प्रतिमा कुमाल, प्रहरी जवान रूकुमसिंह ठगुन्ना, तान्त्रिक गुरू प्रकाश भुजेल, संस्थाकै सदस्यहरू लोकेन्द्र पौडेल, प्रदीप खड्का, ओनिषा श्रेष्ठ सहितका व्यक्तित्वहरू हुनुहुन्थ्यो।

गोरखनाथ बाबालाई रोट अर्पण

गोरखा स्थित गुरू गोरखनाथ बाबालाई झण्डै एक लाख ६० हजार रोट (विशेष प्रकारको खाद्य वस्तु) अर्पण गरिएको छ। सिद्धाश्रम शक्ति केन्द्रले गत वैशाख २२ गतेदेखि जेठ १ गतेसम्म आयोजना गरेको विशेष महोत्सवमा सो परिणाममा रोट अर्पण गरिएको हो।

केन्द्रका संयोजक रामजी अर्यालका अनुसार यस वर्षको रोट अर्पण कार्यक्रम बीसौं वर्षको कार्यक्रम हो। देशमा सुख, शान्ति तथा देशबासी सबैको कल्याणको कामनाका साथ केन्द्रमार्फत गुरू गोरखनाथलाई हरेक वर्ष सवा लाख रोट अर्पण गर्दैआइएको छ।

'वैशाख पूर्णिमादेखि सञ्चालित महोत्सवमा पर्सा, कास्की, स्याङ्जा, चितवन, लमजुङ, काठमाडौँ, ललितपुर, भक्तपुर, नुवाकोट, धादिङ, सुनसरी, झापालगायतका जिल्लाबाट हजारौं श्रद्धालु भक्तजनहरू रोट प्रसाद अर्पणका लागि आइपुगेको संयोजक अर्यालको भनाइ छ।

महाराजजीको अभिनन्दन:

अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी प्रखरजी महाराजको सत्सङ्कल्पमा नेपालमा प्रथमपटक भगवान् श्रीपशुपतिनाथ परिसर वनकालीमा आयोजित श्री अयुतचण्डी एवम् गणपति महायज्ञको समापनपछि महाराजीलाई अभिन्नदन गर्नुहुँदै आयोजक मारवाडी सेवा समितिका पदाधिकारीहरू, साथमा यज्ञका आचार्य वासुदेवकृष्ण शास्त्री र कार्यक्रमका विशेष अतिथि रक्षा सचिव किरणराज शर्मा।

गर्मी एवम् बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

नव वर्ष २०८०को पावन अवसरमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक शुभकामना !

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

CG

बनौं आदर्श नागरिक
वाइ वाइ

जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।

#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

॥ जय श्रीमुक्तिनाथ ॥

श्रीवने पावने धाम्नि श्रीभक्तपुरवर्तिनि ।
श्रीशालीदेवनद्योश्च सुन्दरे संगमे तटे ॥
चित्रायां वृषगे भानौ कर्कटे पुष्करे रवौ ।
प्राभवत् पञ्चश्रीभिश्श्रीभगवान् पञ्चनायकः ॥

श्रीपञ्चमहालक्ष्मी मन्दिर

श्रीदेवी, भूदेवी वल्लभ श्रीमुक्तिनाथ भगवान्

पञ्चमहालक्ष्मी समेत श्रीमुक्तिनाथ भगवान्को

१२ औं वार्षिक ब्रह्मोत्सव २०८०

सादर निमन्त्रणा

कार्यक्रम जेष्ठ १५ गतेदेखि १९ गतेसम्म

१४गते पुर्वाङ्ग :- अनुज्ञा प्रार्थना, पुण्याहवाचन, आचार्यादिवरण, तीर्थप्रसाद वितरण

१५गते प्रातः :- द्वारतोरणपूजन, अङ्कुरारोपण, चतुस्थानार्चन, अग्निप्रतिष्ठा, पाठपारायण, ध्वजारोहण

१६गते प्रातः :- नित्य पूजा, हवन, पाठपारायण, नित्यपूर्णाहूति

१७ गते प्रातः :- नित्य पूजा, हवन, पाठपारायण, मध्याह्न १२:०० बजेदेखि १०८ कलशद्वारा पञ्चश्री समेत श्रीमुक्तिनाथ भगवान्को महाभिषेक

१८गते प्रातः :- नित्य पूजा, हवन, पाठपारायण, मध्याह्न १२:०५ बजेदेखि पञ्चश्री समेत श्रीमुक्तिनाथ भगवान्को यात्रोत्सव (नगरपरिक्रमा) ३:३० बजेसम्म

१९गते प्रातः :- नित्य पूजा, हवन, पाठपारायण, महापूर्णाहूति, मध्याह्न १२:३० बजेदेखि भगवान् श्रीलक्ष्मीनारायणको विवाहोत्सव ३:३० बजेसम्म, पाठपारायण,श्रीपुष्पयागम्, द्वादशाराधना, ध्वजावरोहण, तीर्थप्रसाद वितरण, सम्भावना

श्रद्धेय श्रीमुक्तिनाथबाबा

आयोजक

अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेबल ट्रष्ट

चा.न.पा- ५, छालिङ्ग, श्रीवन, भक्तपुर

एक करोड गीतादान महाअभियान

सहभागी हुन इच्छुक महानुभावहरुलाई
हार्दिक स्वागत गर्दछौं ।

सहभागीताको लागिः

एक करोड गीतादान महाअभियान

New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com

मूल्यः स्वविवेक

9 789937 122801

श्रीमद्भगवद्गीता (नेपाली भावार्थसहित) दोस्रो संस्करण

श्रीमद्भगवद्गीता

(नेपाली भावार्थसहित)

विष्णु सहस्रनाम सहित

दोस्रो संस्करण

विश्व कल्याण र धर्म संरक्षणको लागि

ॐ एक करोड गीतादान महाअभियान